जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
रंगोत्सव होलीको सुखद अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
जनकपुर टुडे राष्ट्रिय दैनिक
रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

नोट : होलीको अवसरमा जनकपुर टुडे कार्यालय २०७९/१२/२३ र २४ गते विदा रहेकाले २०७८/१२/२५ गते विहीबार कार्यालय खुल्ने छ । प्रकाशक

वर्ष २५ • अंक २८२ • २०७९ साल फाल्गुन २३ गते मंगलबार (7 March, Tuesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आज अन्तरगृह परिक्रमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको अन्तरगृह परिक्रमा गर्दै मिथिलाको १५ दिने माध्यमिकी परिक्रमा मंगलबार सम्पन्न हुने भएको छ ।

धनुषा जिल्लाको ठेरा कचुरीस्थित मिथिला बिहारीको मन्दिरबाट फागुन ८ गतेदेखि विधिवत रुपमा सुरु भएको परिक्रमाको डोला सोमबार जनकपुरधाम आइपुगेको छ ।

जनकपुरधामस्थित सुन्दरसदनबाट किशोरीजीको डोला तथा मिथिला बिहारीबाट मिथिला बिहारीको डोलासंगै हनुमानगढी हुँदै भारतको कल्याणेश्वर पुगेर परिक्रमा औपचारिक रुपमा सुरु भएको मानिन्छ ।

परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरुले सोमबार राति जनकपुरधाममा विश्राम गरेर मंगलबार बिहान पूजापाठ गरी अन्तरगृह परिक्रमा गरेपछि परिक्रमा समापन हुनेछ ।

अन्तरगृह परिक्रमामा जनकपुरधामको करिब ५ कोस लामो क्षेत्रको परिक्रमा गरिन्छ, जसलाई पञ्चकोसी परिक्रमा पनि भनिन्छ । अन्तर गृह परिक्रमामा माध्यमिकी परिक्रमामा सहभागी नभएकाहरुले समेत सहभागिता जनाउने गर्दछन् ।

यो परिक्रमा गरेपछि मिथिलाञ्चल क्षेत्रमा होली सुरु भएको मानिन्छ । खास गरी अन्तरगृह परिक्रमा सम्पन्न भएपछि मात्रै जनकपुरधाममा होली मनाउने परम्परा बनेको छ ।

मिथिला महात्म्यमा उल्लेख भए अनुसार वृहत,मध्यमा अन्तरगृह गरी तीन प्रकारको परिक्रमा हुन्छ, जसमध्ये मध्यमा अर्थात मिथिला माध्यमिकी परिक्रमाको आफ्नै विशेषता रहेको छ ।

प्राचीन समयमा सियालालजी शरण नाम गरेका सन्तले मनोवाञ्छित फल प्राप्त हुने विश्वासका साथ परिक्रमा सुरुवात गरेका थिए ।

नेपाल र भारत दुबै देशको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमा यात्राको क्रममा नेपालमा १३ तथा भारतमा २ गरी १५ वटा विश्रामस्थल छन् । परिक्रमामा सहभागी यात्रीहरुले नेपालका १ सय २ एवं भारतको २६ गरी १ सय २८ किलोमिटर पैदलयात्रा तय गर्दछन् ।

ठेराकचुरीबाट सुरु भइ पहिलो दिन जनकपुरधामको हनुमाननगर(हनुमानगढी) दोस्रोदिन भारतको कल्याणेश्वर र तेस्रो दिन गिरिजास्थानमा विश्राम गर्ने गरिन्छ । त्यसपछि मटिहानी, जलेश्वर, मडइ, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोषर, औरही हुँदै पुनः भारतको विशौल हुँदै कल्याणेश्वर पुग्ने गर्दछ । त्यसपछि जनकपुरधाम आएर अन्तरगृह परिक्रमापछि मिथिला माध्यमिकी परिक्रमा समापन हुने गरेको छ ।

### मधेश प्रदेशमा सत्तारोहण गर्न कांग्रेस हतारिए

# एमाले सत्तामा टिक्न उपराष्ट्रपतिमा जसपालाई सघाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्रमा राजनीतिक गठबन्धन भत्किएसँगै मधेश प्रदेशमा समेत त्यसको प्रभाव पर्ने देखिएको छ ।एमालेलाई ९ दलीय गठबन्धनको सबै भन्दा ठूला दल नेपाली काँग्रेस प्रदेश सरकारमा जान हतारिएको छ ।

केन्द्रीय सरकारबाट एमाले हटे पनि मधेश प्रदेशमा सरकारमा रहेकै छ ।७ प्रदेश मध्ये ६ वटा प्रदेश सरकारमा एमाले सहभागी छ । कोशी, लुम्बिनी र गण्डकी प्रदेशमा अझै एमालेका मुख्यमन्त्री छन् । माओवादी केन्द्रका मुख्यमन्त्री रहेका अन्य २ वटा प्रदेश र मधेश प्रदेशमा एमाले सत्तासीन छ ।

सुदूर पश्चिम प्रदेशमा एमालेका मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि हाल २ तिहाइ बहुमत सहित कांग्रेसका मुख्यमन्त्री बनेका छन् ।

जनता समाजवादी पार्टी(जसपा)का नेता सरोज कुमार यादवको नेतृत्वमा रहेको मधेश प्रदेश सरकारमा एमालेका ४ जना मन्त्री र १ जना राज्यमन्त्री छन् । प्रदेश सभामा एमालेका रामचन्द्र मण्डल सभामुख छन् ।

९ दलीय गठबन्धनको नेतृत्व गरिरहेको कांग्रेसले मधेश प्रदेश सरकारमा सहभागी हुन हतारिन थालेको छ ।उपराष्ट्रपतिको चुनाव सम्पन्न भएसँगै मधेश प्रदेश सरकारबाट एमालेलाई हटाइने कांग्रेसले दाबी गरिरहेको छ ।वर्तमान गठबन्धनकै सरकार मधेश प्रदेशमा पनि हुने कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले जनाए ।

'उपराष्ट्रपतिको चुनाव चैत ३ गते सम्पन्न भएलगतै सबै प्रदेश सरकारमा सत्ता साझेदार परिवर्तन हुनेछ' उनले भने, मधेश प्रदेशमा एमालेलाई हटाएर कांग्रेस सहभागी हुनेछ ।

मधेश प्रदेशमा नेकपा एकीकृत समाजवादी (एस) र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) पनि कांग्रेससँगै सरकारमा जाने उनले बताए ।केन्द्रीय सरकारमा पनि कांग्रेस, जसपा, लोसपा र एस पनि सहभागी हुने उनले बताए ।

मधेश प्रदेश सभाका सभामुख मण्डल पनि उच्च जोखिममा छन् । १ सय ७ सदस्यीय प्रदेश सभामा एमालेको पक्षमा २४ जना सभासद मात्र छन् । केन्द्रीय सत्तासमीकरण फेरिएसँगै एमाले एक्लिएको छ । सभामुख फेर्न २ तिहाइ चाहिन्छ । एमाले इतरको गठबन्धनमा २ तिहाइ भन्दा धेरै बढी सभासद रहेकाले कांग्रेस पार्टीले हटाउने गृहकार्य थालेको छ ।

मण्डलसित सभामुखमा पराजित भएका कांग्रेसका सभासद जंगीलाल यादवलाई सभामुख बनाइने सहमहामन्त्री यादवले बताए । 'कांग्रेस पार्टीबाट सभामुखमा लडेका यादव नै फेरि उम्मेदवार हुनेछन्' उनले भने, सभामुख मण्डलले सहज रुपमै पद छाडिदिने छन् ।

प्रदेश सभामा २ तिहाइ सभासदले आचरण विपरीतको कार्य गरेको आरोप प्रमाणित गरे सभामुख पदमुक्त हुने कानूनी प्रावधान छ ।

राष्ट्रपतिको चुनाव फागुन २५ गते र उपराष्ट्रपतिको चुनाव चैत ३ गते सम्पन्न हुँदैछ ।चुनावका लागि लागु भएको आचारसंहिता चैत ३ गते समाप्त भएसँगै सत्ता आरोहणको प्रक्रिया अगाडि बढ्ने सहमहामन्त्री यादवले बताए ।

तर मधेश प्रदेशबाट नहट्ने एमालेले जनाइसकेको छ । मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवले सत्ता साझेदारीमा कुनै प्रकारको विभेद नरहेकाले सरकारबाट नअलग्गिने बताए ।

> **राष्ट्रपतिको चुनाव फागुन २५ गते र उपराष्ट्रपतिको चुनाव चैत ३ गते सम्पन्न हुँदैछ ।चुनावकालागि लागु भएको आचारसंहिता चैत ३ गते समाप्त भएसँगै सत्ता आरोहणको प्रक्रिया अगाडि बढने सहमहामन्त्री यादवले बताए ।**

'एमाले र जसपाबीच राजनीतिक तालमेल भएर नै मधेश प्रदेशमा सरकार गठन भएको हो ' उनले भने, राजनीतिक तालमेल नबिग्रेकाले सरकार खतरामुक्त रहेको छ । सभामुख हटाउने गैर राजनीतिक काम मधेश प्रदेशमा नहुने उनले दाबी गरे ।

मधेश प्रदेशको सत्ता गठबन्धन जोगाउन एमालेले उपराष्ट्रपतिमा जसपा उम्मेदवारलाई सघाउने आन्तरिक निर्णय गरेको उच्चस्रोतले जनाएको छ। आमचुनावसँगै लडेका एमाले र जसपाको तालमेललाई निरन्तरता दिन जसपालाई उपराष्ट्रपतिमा सघाउने स्रोतको दाबी छ ।

तर कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले सभामुख मण्डलले पदीय आचरण विपरीत कार्य गरेकाले उनलाई हटाउन दलहरु सहमत रहेका छन् ।प्रदेश सभाको बैठकमा अशोभनीय शब्दहरुको प्रयोग, प्रदेश सभा भित्र प्रवेशमा रोक लगाइने जस्ता गैरलोकतान्त्रिक कार्य गरेको आरोप झाले लगाए ।


मधेश प्रदेश सरकारमा हाल जसपा, एमाले, जनमत पार्टी र माओवादी केन्द्र सहभागी छन् ।तर केन्द्रीय गठबन्धन भत्किएर कांग्रेससहितको ९ दलीय गठबन्धन निर्माण भएकाले एमालेलाई हटाएर केन्द्रीय गठबन्धनमा रहेका दलहरुलाई सरकारमा सहभागी गराइने निर्णय शीर्ष नेताहरुले गरेपछि मात्र हुने अर्थ मन्त्री सञ्जय कुमार यादवले जनाए । सरकारबाट एमालेलाई हटाइने विषयमा कुनै जानकारी प्राप्त नभएको उनले बताए ।

मुख्यमन्त्री यादवले प्रदेश सभामा शतप्रतिशत विश्वासको मत प्राप्त गरेका हुन् ।प्रमुख प्रतिपक्षी दल कांग्रेस समेतका दलले उनलाई विश्वासको मत दिएका थिए ।तर उनी एमाले सहितको गठबन्धनबाट मुख्यमन्त्री बनेका हुन् ।

मधेश प्रदेशको सत्ता गठबन्धनबारे मुख्यमन्त्री यादवले मुख खोलेनन् ।' सत्ता गठबन्धन गर्ने अथवा राख्ने निर्णय शीर्ष नेताहरुले गर्नुहुनेछन् ' उनले भने, सरकारमा फेरबदलबारे कुनै छलफल भएको छैन् ।







# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ।

हुलाकी सडक खण्ड अन्तर्गत बोदेबर्साइन नगरपालिका -५ बर्साइनटोल नजिक पश्चिम बाट पूर्वतर्फ आउदै गरेको बी.आर.३२ वाई ६०५७ नम्बरको मोटरसाइकल आफै आनियन्त्रित भएर रोडको छेउमा गाडिएको सांकेतिक पोलमा ठोकिएर दुर्घटना भएको छ।

दुर्घटनामा मोटरसाइकल चालक सप्तरीको बलान बिहुल गाउपालिका वडा न. ४ वेल्हीका ५५ वर्षीय विशो मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते मण्डलको तत्काल जीवन ज्योति अस्पताल बोदेबर्साइनमा उपचारको लागि लग्दा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सोही मोटरसाइकलमा पछाडि सवार १८ वर्षीय कमलेश कुमार शर्मा घाइते भएका छन्।

घटना विषयमा थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए।

# राष्ट्रपतिका उम्मेदवार पौडेलद्वारा राप्रपाका नेतासँग भेट

काठमाण्डु । नौ दलीय गठबन्धनका साझा उम्मेदवार रामचन्द्र पौडेलसहित गठबन्धनका नेताहरूले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेताहरूसँग भेटवार्ता गर्नुभएको छ।

यही फागुन २५ गते हुन लागेको राष्ट्रपति निर्वाचनमा गठबन्धनका साझा उम्मेवार पौडेललाई भोट माग्न आज साँझ गठबन्धनका नेताहरू राप्रपा केन्द्रीय कार्यालय धुम्बाराही पुग्नुभएको थियो। भेटमा राप्रपा नेताहरूले आगामी फागुन २४ गते बस्ने पार्टीको केन्द्रीय समितिको बैठकले राष्ट्रपतिको निर्वाचनका बारेमा निर्णय गर्ने जानकारी दिएको भेटमा सहभागी कांग्रेस नेता दीपक खड्काले राससलाई जानकारी दिनुभयो।

राप्रपाका नेताहरूले राष्ट्रपति निर्वाचनमा सहभागी हुने वा नहुने भन्नेबारे टुङ्गो लगाएपछि नोक्सानी नहुने गरी निर्णय लिने बताएका छन्। सोही अवसरमा राप्रपाका नेताहरूले गठबन्धनबाट राष्ट्रपति पदमा साझा उम्मेदवार बन्नुभएको भन्दै पौडेललाई शुभकामना व्यक्त गर्नुभएको थियो।

भेटमा राष्ट्रपतिका उम्मेदवार एवं कांग्रेस वरिष्ठ नेता पौडेलसहित कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, दीपक खड्का, नेकपा (माओवादी केन्द्र) का नेता शक्ति बस्नेत, लोकतान्त्रिक समाजवादी पार्टीका नेता शरतसिंह भण्डारी, जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठलगायतको सहभागिता रहेको थियो।

राप्रपाका तर्फबाट अध्यक्ष राजेन्द्र लिङ्देन, नेताहरू डा प्रकाशचन्द्र लोहनी, विक्रम पाण्डे, दीपक बोहरालगायत सहभागी हुनुहुन्थ्यो। राष्ट्रपति निर्वाचन आगामी फागुन २५ गते हुँदैछ। कांग्रेसबाट पौडेल र नेकपा (एमाले) बाट सुवास नेम्वाङ उम्मेदवार हुनुहुन्छ।रासस

# लोप हुँदै होली गीत, जोगिरा सर...सररररररररर...

**टुडे समाचारदाता**

जनकपुरधाम ।

*'कौन तालपर ढोलक बाजे कौन ताल मृदङ्ग ?*
*कौन तालपर गोरिया नाचे कौन तालपर हम ?*
***जोगीरा सर र र !!!'***

(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदङ्ग, कुन तालमा कान्छी नाच्छे कुन ताल म)

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेम भाव भएको होली गीत गाउने मानिसको अभावका कारण लोप हुँदै गएको छ। होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ।

मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होली पर्व खेल्नेबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउनुहुन्छ। साहले भन्नुभयो, "होली पर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ। सङ्गीतविनाको होलीको परिकल्पना नै गर्न सकिँदैन। भनिन्छ होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो।"

मिथिला नगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुर्खौली बाजा मृदङ्ग बजाई फागु गीत जोगिरा गाउन नपाएकामा दुःखी मनले भन्नुहुन्छ, "पहिले पहिले यस्ता फागु गीत जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागुपर्वको आगमन भएकाबारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बुढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदङ्ग नै बज्छ, न त फागु गीत नै गाइन्छ।"

"यसपालीको होली मुखमा आइसक्यो, न डम्फू बज्छ..न जोगिरा...का स्वर नै सुनिन्छन् !" वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामसागर ठाकुर बताउँछन्। ठाकुरले भन्नुभयो, "मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, कोही बुढा भएर थलिएका छन, अझै गाउने त रस छ, तर साथ दिने कोही छैनन्।" वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा...(फागु गीत) अब सुनिन छाडेपछि धनुषासहितका



मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ।

***किनका के हाथ कनक पिचकारी,***
***किनका के हाथ अबीर झोरी ?***
***रामजी के हाथ में कनक पिचकारी,***
***सियाजी के हाथ अबीर झोरी !!***
***जोगिरा..सररर..!!'***

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबीरको झोला ? रामजीको हातमा सुन जडित पिचकारी छ र सीताजीको हातमा अबीरको झोला) पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा (फागु गीत) अब मिथिलाञ्चलमा सुनिन छाडेका छन्।

होलिया (फागु गीत गाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरु बताउँछन्।

पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ। तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोप हुँदै गएर अब 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले चिन्ता व्यक्त गर्नुभयो।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवनामात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन। मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होली गीत (जोगिरा) सुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौँ दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा यात्रीले एकापसमा रङ अबीर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ। यस वर्ष पनि कञ्चनवनमा मिथिला परिक्रमाका यात्रीहरु पुगेर भव्यरुपमा होली खेलेका छन्।

जनकपुरधाम १२ का सतीश लाल कर्ण भन्नुहुन्छ, "होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार, पिरती तथा उन्मुक्ति थियो तर अब उच्छृङ्खल गीतहरु आएकाले होलीमा माधुर्य र प्रेम भाव मिसिएको गीत बिरलै सुन्न पाइन्छ।" दोहोरी गीत झैँ गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर ती गीत भने अहिले लोप हुने अवस्थामा पुगेका छन्। भित्री ग्रामीण क्षेत्रमा कुनै कुनै गाउँ घरमा मात्र यस्तो जोगिरा सुन्न पाइन्छ।

क्षीरेश्वरनाथ-७ हरिहरपुरका रामलाल महतो भन्नुहुन्छ, "होलीको पौराणिकता अब हराइसकेको छ। दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ। होलीको तर्क, दर्शन, लौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको छ। अबको होली होली नभएर भोगवादी र सहरमुखी होली भएकाले यसको पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ।"

पहिलेपहिले बूढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरकी लिएर समूहगतरुपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका सत्यनाराण साह बताउनुहुन्छ। अब त्यो समय हराएर गएको छ। अधिकांश युवा कामका लागि अरब कतार खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिकाका पर्वताका अमरलाल कर्ण भन्नुहुन्छ, "अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यतापूर्ण भएको छ। भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखा परेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ।"

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण रहेको होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ। फागु पर्व सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन्। पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो। अब उच्छृङ्खल गीतका सिडी चक्का बजारमा बढी पाउन थालिएको छ। यस्तो गीतमा अश्लील शब्द बढी भएको सखुवाबजारका रामकृपाल जयसवालको भनाइ छ।

मिथिलाको सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्धरुपमा ग्रामीण होलीको महत्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु सोमबारको आवश्यकता रहेकामा संस्कृतिविद् तथा प्राज्ञ रामभरोस कापडीको जोड छ। प्राज्ञ कापडी भन्नुहुन्छ, "पौराणिक होली गीतमा विषय वासना, प्रेमालाप, सीताराम र शिव पार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा थियो। अबको होली गीतमा पश्चिमी सभ्यता, उच्छृङ्खलता अश्लीलताजस्ता गीतले कब्जा जमाउन थालेकाले यसको माधुर्य समाप्त हुँदै गएको छ।"

गाउँघरमा सोमबारभोलि होलीका सांस्कृतिक गीतको साटो भोजपुरी र आधुनिक संस्कृतिले कब्जा जमाउन थालेको छ। वसन्त ऋतुको आगमन सँगसँगै वसन्तोत्सव पर्वका रुपमा मनाइने होली पर्वका अवसरमा गाइने जोगिरा लोप हुन थालेकाले यसको संरक्षणतर्फ मिथिला क्षेत्रमा काम गर्ने संस्थाले यसको पौराणिकता र सांस्कृतिक महत्वलाई संरक्षण गर्नुपर्ने अर्का संस्कृतिविद् रमापति चौधरी बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "होली यस्तो हुनुपर्छ जसमा महिला तथा पुरुष निर्धक्क भएर बाहिर निस्कन सकून्। होलीलाई एउटा यस्तो आदर्श बनाउनुपर्छ कि देश र दुनियाँले होली खेलोस् त मिथिलावासीजस्तो।"

पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजा भएकाले आफूलाई देवताभन्दा ठूलो हुँ भन्ने घमण्ड गर्थे। उनका छोरा प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए। हीरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगोमा जलाउँदा होलीका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन। सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढाँइ गर्ने चलन रहिआएको मान्यता छ।

तराई-मधेस क्षेत्रमा होली पर्वमा गाइने जोगिरा गीतको संरक्षणका लागि पछिल्लो केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाट्य कला परिषद (मिनाप)ले गाउँगाउँबाट होलियाहरुलाई झिकाएर जोगिरा प्रतियोगिता गराउने गरेको छ। काठमाडौँ उपत्यका र पहाडी जिल्लाहरुमा सोमबार होली पर्व मनाइँदै छ भने तराईमा भोलिपल्ट यस पर्व मनाउने गरिन्छ। सरकारले होली पर्वमा सार्वजनिक बिदासमेत दिँदै आएको छ।

# हिमाली र पहाडी जिल्लामा मनाइयो फागुपूर्णिमा पर्व

काठमाण्डु । फागुपूर्णिमा अर्थात होली पर्व आज हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ एकापसमा रङ र लोला खेली आपसी सद्भाव साटेर मनाइएको छ। हिमाली र पहाडी जिल्लामा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन फागुपूर्णिमा पर्व मनाइन्छ। तराईका जिल्लामा भने भोलिपल्ट यो पर्व मनाइन्छ।

वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागतरूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ। केही वर्ष अघिसम्म उपत्यकामा उत्ताउलोरूपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण पछिल्लो समय अनुशासित बन्दै गएको छ।

यस पर्वका अवसरमा आज काठमाडौँको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै पर्व मनाएका छन्। फागुन शुक्ल अष्टमीका दिन त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउने कार्यक्रम



रहेको छ।

उक्त चीरमा राखिएका ध्वजापताका औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ। फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु सुरु भएको थियो।

आजै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको दशपाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ।

त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ। यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन्। निजलाई ब्रजबासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ। बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौँ रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्त्व पनि छ। फागुपर्वको उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ। यस पर्वका अवसरमा आज राजधानीको टुँडिखेल, खुलामञ्च, वसन्तपुर, रामशाहपथजस्ता स्थानमा हजारौँ मानिस जम्मा भएर फागुपूर्णिमा पर्व मनाएका छन्।

तराई क्षेत्रमा भने यो पर्व पूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ। यसवर्ष पनि तराईमा मङ्गलबार होली मनाइँदै छ। यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सी जस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवार साधनमा समेत लोला हिर्काउने जस्ता विकृति पनि कम हुँदै गएको छ।रासस

# होलीको रङ जस्तै समाज पनि विविधतापूर्ण छ : प्रदेश प्रमुख गुरुङ

गण्डकी । गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले होलीमा खेलिने विविध रङ जस्तै नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिकरुपमा विविधतापूर्ण रहेको बताउनुभएको छ।

फागुपूर्णिमा (होली) का अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले भन्नुभयो, "यही विविधताबीचको एकता नै हामी नेपालीको पहिचान र सामर्थ्य बनेको छ। सम्पूर्ण नेपालीबीच आपसी प्रेम, सद्भाव र सहिष्णुता अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन फागुपूर्णिमा (होली) पर्वले योगदान पुऱ्याउने विश्स मैले लिएको छु।"

वसन्त ऋतुका अनेक रङ प्रतिविम्बित गर्ने पर्वका रूपमा प्रत्येक वर्ष फाल्गुण शुक्ल पूर्णिमाको दिन हिमाली, पहाडी तथा भित्री मधेसका जिल्लामा र त्यसको भोलिपल्ट तराईका जिल्लामा विभिन्न रङ तथा अबिर खेल्दै खुशियालीपूर्वक फागुपूर्णिमा (होली) मनाउने परम्परा रहेको सन्देशमा उल्लेख छ।

पर्वले सबै नेपालीमा खुसीका रङ छर्दै मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न प्रेरणा मिलोस् भन्दै उहाँले शुभकामना व्यक्त गर्नुभएको छ।

**फागुपूर्णिमा र तोरन्लहको मुख्यमन्त्री अधिकारीद्वारा शुभकामना**

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले रङहरूको पर्व फागुपूर्णिमा तथा थकाली समुदायको महान् पर्व तोरन्लहको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँले यी पर्वले नेपाली समाजलाई एक सूत्रमा बाँध्दै आपसी सद्भाव, सहिष्णुता, प्रेम र भाइचाराको अभिवृद्धि गरी राष्ट्रिय एकतालाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो।

"यस वर्षको फागुपूर्णिमा (होली पर्व) तथा तोरन्लह पर्वले नयाँ उमङ्ग एवं हर्षोल्लास प्रदान गरोस् र सबै नेपालीबीचको एकता, सद्भाव र सहिष्णुतालाई अक्षुण्ण राख्ने उत्प्रेरणा हामी सबैमा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु", सन्देशमा भनिएको छ। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : धन बृद्धि सञ्चय। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : बौद्धिक क्षमता। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बुरा न मानो होली है




**होलीको अवसरमा प्रकाशित विशेष, रिसानी माफ होस् ।**

**शेरबहादुर देउवा (काँग्रेस सभापति)**– बल्ल ओली चित्त भए !
**केपी ओली (पूर्व प्रधानमन्त्री)**– प्रचण्डलाइ विश्वास गर्न सकिदैन्
**बाबुराम भट्टराई (पूर्व प्रधानमन्त्री)**– झोपडी खोज्दै ।
**झलनाथ खनाल (पूर्व प्रधानमन्त्री)**– माधव नेपालले मलाइ किन पत्याउदैन् ।
**पुष्पकमल दाहाल (प्रधानमन्त्री)**– देउवा जी मलाई ओलीले जेल हाल्ने भए ।
**माधव कुमार नेपाल (पूर्व प्रधानमन्त्री)**– मरतेका तिन्का सहारा ।
**उपेन्द्र यादव (जसपा)**– राउतको हम बारा से देखाएगेँ ।
**हरिशंकर मिश्र (प्रदेश प्रमुख)**– उपेन्द्र जी मेरी पत्नीका उपचार तो करादिजिए ।
**लालबाबु राउत (पूर्व मुख्यमन्त्री)**– हम तो मुसलमान हिन्दू खिँचडी है ।
**मातृका प्रसाद यादव (पूर्व मन्त्री)**– काँग्रेस बढका धोकेबाज है ।
**रघुवीर महासेठ (पूर्व–मन्त्री)**– पती चित्त ,पत्नी उपर ।
**सरोज यादब (मुख्यमन्त्री)**– उपेन्द्र जी पुछु न ।
**रामचन्द्र मण्डल(प्रदेश सभामुख)**–बुझाइय हमरा अहुमे स हटा देत ।
**बबिता राउत इसर (उपसभामुख)**– हम भी राउत परिवार से हैं ।
**जीतेन्द्र सोनल (पूर्व प्रदेश मन्त्री)**– भूमिहार बहुत हरान करता है ।
**विजय यादव (पूर्व मन्त्री)**– अभी भी अध्यक्षका विश्वास है ।
**नवलकिशोर साह (सांसद)**– सुमित मन्त्रीके लागि कतेक मगैहौ ।
**रामनरेश राय (पूर्व प्रदेश मन्त्री)**– हमरा कहुँ के नहि छोडलक ।
**शैलेन्द्र साह (पूर्व प्रदेश मन्त्री)**– तुम तो डुबे सनम हमको भी नहि छोडा ।
**ज्ञानेन्द्र यादव (पूर्व प्रदेश मन्त्री)**– प्रदेशमे आब हमरे चल्ती ।
**योगेन्द्र राय यादब (पूर्व राज्यमन्त्री)**– आज तकका फोन है ।
**उषा यादव (पूर्व राज्यमन्त्री)**– जनकपुरमे आब रहके दिक्कत नहि ।
**सरोज सिंह कुशवाहा (पूर्व राज्यमन्त्री)**– मेरे साथ धोका हुआ ।
**अभिराम शर्मा (पूर्व राज्यमन्त्री)**– इसबार सोनलको नहि होगा ।
**सुरिता साह (प्रदेश मन्त्री)**– हम त मन्त्री किनलिई भाईजी ।
**सुरेश मण्डल (पूर्व राज्यमन्त्री)**– हम नहि बुझि सकली ।
**जुली महतो (पूर्व मन्त्री)**– नेता जी जवान सब बेसी काम करै है ?
**प्रमेश्वर साह (लोसपा)**– बहुत बढका धक्का लगा है ।
**शरद्‌सिंह भण्डारी (लोसपा)**– ठाकुर जी बाहेक म मात्रै होइन्, निर्जला ।
**राजेन्द्र महतो (लोसपा)**– बाभन प विश्वास आब नहि करब ।
**महन्थ ठाकुर (अध्यक्ष लोसपा)**– कोइ जगह तो दो भाइ ।
**राजकिशोर यादव (जसपा)**– उपेन्द्र जी बहुत भितरिया है ।
**महेन्द्र राय यादव (ने समाजवादी पा)**– उपेन्द्रको देखा दिया ताकत ।
**अनिल झा (लोसपा)**– हमको जनकपुर नहि जाना चाहिए था ।
**किशोरी साह (उप मेयर)**– भुल्ला विद्वान ।
**शत्रुधन महतो (पूर्व प्रदेश मन्त्री)**– अपन हारल आ बहुअक मारल ।
**मनोज कुमार साह (मेयर)**– लिख लोढा पर पाथर ।
**महेन्द्र यादव (काँग्रेस नेता)**– रामवरणा हमरा साधि देलक ।
**रामअशिष यादव (प्रदेश साँसद)**– हम किसिसे कम नहि ।
**रामसरोज यादव (पूर्व प्रदेश मन्त्री)**– जिवनाथ जी ल बिमल जी कि है ।
**ओम प्रकाश शर्मा (पूर्व प्रदेश मन्त्री)**– चान्स नहि मिला
**राम सहाय यादव(जनलोकपाल)**– उ लोग खुद भ्रष्टाचारी है
**सुनिता यादव (प्रदेश मन्त्री)**– एक पुस्ताको लगानी कयौं पुस्ता... ।
**रानी शर्मा (प्रदेश साँसद)**– अभि हम कतेक के देखवै ।
**दिपेन्द्र ठाकुर (प्रदेश साँसद)**– हम मैडम ल छि जीवनाथ दाजु ।
**सीके राउत (अध्यक्ष–जनमत पार्टी)**– पहले परिवार ।
**राजेशमान सिंह (वीरगन्ज मेयर)**– मेरो मन त एमालेमै लागेको छ ।
**लालकिशोर साह (पूर्व मेयर)**– जमानत डुब गिया लेकिन ५ नम्बर मेरा है ।
**रीता झा(पूर्व उपमेयर)**– हमरा ठाकुर जी मानैय ।
**जीवनाथ चौधरी**– पप्पु तोरो लगतौ १० परसेन्ट ।
**काशीराज दाहाल (सीडीओ)**– मैले सबै बुझेको छु ।
**विश्वराज खड्का (धनुषा एसपी)**– मैले नयाँ गरेको छैन् रजौरीको निरन्तरता मात्र ।
**हरिनारायण महतो (प्रदेश सभासद)**– महासेठो के औकात देखादेलियइ ।
**वसन्त बहादुर कुँवर (डीआईजी)**– एसपीहरुले नै सबै मारिदिन्छ ।
**डा. अजय झा** – नहि देलक टिकट त कपार फोरि लिउ ।
**शेषनारायण यादव (साँसद)** – एहि बेर कोल्ड स्टोरके असुली हायत ।
**पशुपति यादव (जसपा नेता)**– हमको करवाइ नहि किया है ।
**विमलेन्द्र निधि (सांसद)**– फेर हम लौट रहल छी ।
**रामकृष्ण यादब (सांसद)**– हम पौडेल कोटा स बनब ।
**प्रमोद चौधरी (जनकपुर)**– बिमल भैया, वृशेष भैया, लालकिसोर भैया ।
**निर्मल चौधरी**– हमरा आब नहि जुरैय ।
**जितेन्द्र महासेठ(अध्यक्ष जउवासंघ)**– एसपी साहेब म लिएर आउछु ।
**उमाशंकर अरगरिया (पूर्व साँसद)**– हम अदालत स जितब ।
**नवल यादब (महन्थ)**– हम ५ कठ्ठा मात्रे बेचलिय नहो दिपु ।
**रामतपेश्वर दास (महन्थ)**– रोशना तोरा खातिर निर्मल नहि रहु ।
**रोसन दास (उत्तराधिकारी महन्त)**– नयाँ तुरन्त ल क भागि जाइछै, फाटले पुरान ठिक
**ललित बजाज (व्यापारी)**– हम घर धर लिए ।
**भोगेन्द्र झा (पूर्व उपाध्यक्ष नीति आयोग)**– हमरा हटादेत से विश्वास नहि छल चौधरी जी ।
**दिपेन्द्र झा(पूर्व मुख्यन्यायाधिवक्ता)**– हमरा राखि लियक चाही ।
**श्याम सुन्दर शशि(साहित्यकार)**– नहि पुछु मैथिली के बात ।
**रामभरोस कापडी** - प्रज्ञा प्रतिष्ठानक अध्यक्ष छी से बुझु ।
**राजेश कर्ण** - हमहु आब काँग्रेसे दिस चलि जायब डाकडर साहेब ।
**बृज कुमार यादव** – राष्ट्रेपतिमे चुनाव लडिजैति त जितलितियै ।
**डा.विजय कुमार सिंह** – अन्हरा कुकुर मारे तिरपित ।
**वृषेशचन्द्र लाल कर्ण**– ठाकुर स हम कमजोर नहि छी ।
**मनोज चौधरी (बस अध्यक्ष)**– नहि घर के नहि घाट के ।
**मुन्ना साह (ठिकदार)**– बलराम जी आब नहि होइत ।
**सरोज यादव (प्रदेश मन्त्री)**– महासेठ के आब नहि चलतै ।
**हिमाँसु चौधरी** – हम सखीबहिनफामे ओझरा गेली ।
**धर्मेन्द्र झा (अध्यक्ष रासस)**– हमरा देख गिरगिटो लजाजायत ।
**रमेश रञ्जन झा** – आब काँग्रेसेटा बाँकी है ।
**शंकर साह (माला)** – बबा आब हम हिया हारि देली ।
**बिभा ठाकुर (नेतृ )**– कतौ नहि किछु भेँटरहल अछि ।
**बिन्दु यादव (प्रदेश सांसद)** – सरकार इलाज के बजेट बढाउ ।
**ममता मण्डल (प्रदेश सांसद)**– उ सुन गेलै त कि भेलै हमरा त बनागेल ।
**कुमर कान्त झा (प्रदेश सांसद)**– हम असगरे बियाबालि ला छी ।
**विनयकुमार यादव (मेयर)**– मेयर सँ उपमेयर भारी ।
**राजकुमार साह(मेयर)**– सभ मिलले हैत ।
**बालेश्वर मण्डल (मेयर)**– धनुषकेँ कसम, हम इमान्दार छी ।
**जितनारायण यादव (मेयर)**– उपमेयर साहब थाँक्यु ।
**कारी यादव (मेयर)**– शंकरबा सँ इमान्दार हम ।
**महेन्द्र महतो (मेयर)**– जय नेपाल सर ।
**सुखदेव यादव (मेयर)**– कि हौ योगी, जोगी लगैछा ।
**बेचन दास तत्मा (मेयर)**– सामन्ती दलित ।
**दिनेश यादव (मेयर)**– रामअशिषकेँ भरोसे ।
**विशेश्वर यादव (मेयर)**– उप-मेयर फेरल है ।
**विपिन देव यादव (मेयर)**– चालु मेयर ।
**रामअशिष महतो (मेयर)**– बाप मरल अन्हरियामे, बेटाकेँ नाम पावर हाउस ।
**जयकुमार यादव (मेयर)**– ......गल्लीमे लोटा तखा पर ।
**भोगेन्द्र मिश्र (मेयर)**– बाबासिरकेँ रक्षक ।
**प्रदीपकुमार यादव (मेयर)**– कि रे रामअज्ञान कि हाल खवर ।
**उमाशंकर प्रसाद साह (मेयर)**– हाकीम सभ खा जाइहै ।
**राजेन्द्र प्रसाद यादव (मेयर)**– हमभी नेताहै रघुविर जी ।
**राजेन्द्र यादव (टुडे)**– एक्के गो दिल छै दु दु गो जान ।
**बलराम महतो** – कि यौ फेनु आम के सिजन अलै ?
**सुनिल मल्लिक** – हम नेत गण्डा नहि छी ।
**सचिन मास्टर**–बहि चो ओकरे दुनु प्राणी स होतै(मैडम जी नमस्ते)

# मेयर र उपमेयरको छुट्टा-छुट्टै कार्यक्रम




**ओम प्रकाश यादव**

गरुडा । रौतहटको वृन्दावन नगरपालिकाका जनप्रतिनिधिहरुले स्थानीय सञ्चारकर्मीहरुसंग होली मनाएका छन् ।

वृन्दावन नगरपालिकाका मेयर विनोद प्रसाद कुर्मी र उपमेयर संगीता देवी रामले दुबै जनाले छुट्टा-छुट्टै कार्यक्रमको आयोजना गरी सोमबारै पत्रकारहरुसंग होली पर्व मनाएका छन् ।

मेयर कुर्मीले हर्षाहामा होली मिलन कार्यक्रमको आयोजना गरी विभिन्न सञ्चार क्षेत्रका पत्रकारहरुसंग होलीको शुभकामना आदान-प्रदान गर्दै होली पर्व मनाएका छन् ।

पहाडमा सोमबार र मधेशमा मंगलबार मनाइने रंगको पर्व होलीमा सकारात्मक सन्देश जाने उद्देश्यले पत्रकार, प्रहरी र जनप्रतिनिधि सम्मिलित टोलीले रंग, अबिर एक आपसमा दलेर होली मिलन कार्यक्रम मनाएका छन् ।

सो अवसरमा नगर प्रमुख कुर्मीले शान्तिपूर्ण र मर्यादित भएर होली पर्व मनाउन आग्रह गर्दै जवर्जस्ती कसैलाई लोला हाल्ने वा रंग अबिर दल्ने काम नगर्न आग्रह गरेका थिए ।

त्यस्तै वृन्दावन नगरपालिकाकी नगर उपप्रमुख संगीता देवी रामले पनि चन्द्रनिगाहपुर स्थित रहेको

आफना निजी निवासमा होली मिलन कार्यक्रमको आयोजना गरी जिल्लाका पत्रकारहरुसंग होली पर्व मनाएकी छन ।

नगर उपप्रमुख रामले होली खेल्दा सामाजिक सद्भभाव कायम राख्न सबैलाई अनुरोध गरेकी थिएन । वृन्दावन नगर प्रमुख कुर्मी र उपप्रमुख रामले टिका र गम्छा ओढाएर दर्जनौ सञ्चारकर्मीहरुलाई सम्मान समेत गरेका थिए ।

जिल्लाका अन्य जनप्रतिनिधिहरुले पनि सोमवार पत्रकाहरुसंग होली मनाएका छन् ।

# विभिन्न कार्यक्रम गरी वार्षिक उत्सव मनाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी हेल्थ केयर एण्ड हस्पिटलले १७ औ वार्षिक उत्सव विभिन्न कार्यक्रम गरी मनाइने भएको छ ।

होली पर्वको पूर्वसन्ध्यामा सोमबार आयोजना गरेको होली मिलन समारोहमा वार्षिकोत्सवबारे जानकारी गराएको छ ।

हस्पिटलले आयोजना गर्न लागेको साताव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन फागुन २७ गते यात्री निवासदेखि बजरंग चोक सम्म सर-सफाइ,पापमोचनी सरको डिलमा वृक्षरोपण कार्यक्रम र रक्तदान कार्यक्रमको आयोजना गर्ने अस्पतालका सञ्चालक एवम् पूर्व प्रतिनिधिसभा सदस्य डा.सुरेन्द्र यादवले बताए । त्यस्तै सोही दिन हस्पिटलबाट दिइने सेवामा विशेषज्ञ ओपीडी सेवा निःशुल्क प्रदान गरिने जनाइएको छ ।

त्यसैगरी, फागुन २८ गते जानकी वृद्धा आश्रम तथा मानव सेवा आश्रममा निःशुल्क स्वास्थ्य परीक्षण तथा फलफूल एवम् कपडा वितरण गर्ने कार्यक्रम रहेको छ भने २९ गते अस्पतालका विभिन्न विभागका कर्मचारीहरुबीच हाजिरी जवाफ प्रतियोगिता, महोत्तरी जिल्लाका स्वास्थ्य कार्यकर्ताहरुसंग स्वास्थ्य सेवाको गुणस्तर वृद्धि र सेवाको पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने भएको छ । त्यस्तै सोही दिन



मेडिसिन, बलरोग, स्त्री रोग, अर्थो, नाक कान घाँटी, डेण्टल तथा युरोलोजीसहितका विशेषज्ञ ओपीडी सेवामा ५० प्रतिशत छुटसहित सेवा प्रदान गर्ने जनाइएको छ ।

त्यस्तै,फागुन ३० गते वार्षिकोत्सवको अवसरमा अस्पतालले नर्सिंग स्टाफबीच म्युजिकल चेयरसहितका खेल प्रतियोगिता आयोजना गरिने भएको छ भने सोही दिन स्वास्थ्य सेवाको गुणस्तर वृद्धि र सेवाको पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने छ । सो अन्तरक्रिया धनुषा जिल्लाका स्वास्थ्यकर्मीहरुलाई सहभागितामा हुने बताइएको छ । त्यसैगरी सो दिन मेडिसिन, बालरोग, स्त्रीरोग, सर्जरी, अर्थो, नाककान घाँटी, डेण्टल तथा युरोलोजी सेवामा विशेषज्ञ ओपीडी सेवा पचास प्रतिशत सहुलियतमा सेवा प्रदान गरिने डा.यादवले बताए ।

फागुन १ र २ गते सर्लाही जिल्लाका स्वास्थ्य कार्यकर्तासंग स्वास्थ्य सेवाको गुणस्तर वृद्धि र सेवाको पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने र सो दिन मेडिसिन, बालरोग, स्त्रीरोग, सर्जरी, अर्थो, नाककान घाँटी, डेण्टल तथा युरोलोजी सेवामा ५० प्रतिशत सहुलियत दरमा सेवा प्रदान गरिने बताइएको छ त्यस्तै फागुन ३ गते अस्पतालको विभिन्न विशेषज्ञ ओपीडी सेवामा पचास प्रतिशत छुट दिइने बताइएको छ ।

य त ा सोमबार आयोजित होली समारोहमा डा.दामोदर प्रधान, डा. प्रो.सुधीर सिंह, डा.शशिशेखर अधिकारी तथा डा. रमण मिश्रसहितका व्यक्तिहरुले शुभकामना मनतव्य राखेका थिए ।

# कतै विष्णु त कतै अश्वमेघ यज्ञ

**मनोज माझी**

राजविराज । मानव कल्याणका लागि सप्तरीको तिर हुत गाउँपालिका-५ लोहजरामा फागुन २७ देखि विष्णु महायज्ञ हुने भएको छ ।

महायज्ञका लागि लोहजरास्थित सन्यासी थान मैदानमा मूर्ति र पण्डाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

मानव कल्याण, हिन्दू धर्मको रक्षा तथा यसको धार्मिक महत्व बारे चेतना फैलाउन उद्देश्यले महायज्ञको गर्न लागिएको महायज्ञ मूल आयोजक समितिका अध्यक्ष बाबा सन्यासीले सोमबार महायज्ञ स्थलमै पत्रकार सम्मेलनमा जानकारी दिएका छन् ।

महायज्ञ चैत ५ सम्म चल्ने छ । महायज्ञको अनुमानित लागत १० लाख रुपैयाँ रहेको समितिका कोषाध्यक्ष बद्री अरगरियाले जानकारी दिए ।

महायज्ञमा भारतका यज्ञाचार्य डा. महन्थ जानकी बल्लभ दास बेदान्ती, राधादेवी, स्वामी कल्याण महाराज र गोपाल दासलगायतका सन्तमहन्तबाट कथा वाचन र प्रवचनलगायतका धार्मिक कार्यक्रम हुने समितिका सचिव




श्याम नारायण झकरैतले बताए ।

महायज्ञमा ३ लाख भन्दा बढी भक्तजन सहभागी हुन आउने अपेक्षा गरिएको र सोही अनुसारको तयारी गरिएको उनले बताए ।

महायज्ञको उद्घाटनका दिन १० हजार भन्दा बढी महिलाको सहभागितामा कलश यात्रा निकालिने समेत आयोजकको तयारी छ ।

महायज्ञ स्थलमा मूर्तिकार जुक्तिलाल मण्डलद्वारा निर्माण गरिएको विभिन्न देवी देवताका ५५ वटा मूर्ति निर्माण भइसकेको तथा धार्मिक कार्यक्रमका साथै महायज्ञ अवधिभर मनोरन्जनका लागि विभिन्न खेल तमासाको पनि आयोजना हुने आयोजकले जनाएको छ ।

यस्तौ जिल्लाको डाक्नेश्वरी नगरपालिकामासमेत चैत २ गतेदेखि १३ दिने अन्तर ाष्ट्रिय अश्वमेघ महायज्ञ हुने भएको छ । उक्त महायज्ञको पनि तयारी अन्तिम चरणमा पुगेको आयोजक समितिका अध्यक्ष ओमप्रकाश यादवले जानकारी दिएका छन् । उनले पनि मानवकल्याण, विश्व शान्ति तथा हिन्दू धर्मको रक्षाको लागि महायज्ञ गर्न लागिएको जानकारी दिएका छन् ।

# चौपाया नियन्त्रणमा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले भन्सार छलेर भारतबाट नेपाल ल्याएको चौपाया नियन्त्रणमा



लिएको छ । सोमबार प्रहरीले सम्सी गाउँपालिका ६ बाट ३२ वटा गाई र तीनवटा गोरु नियन्त्रणमा लिएको छ ।

होलीको मौकाछेपी राजस्व नतिरेर नेपालमा मजदुरले चौपाया ल्याएका थिए । प्रहरीले चौपाया नियन्त्रणमा लिएर मजदुरलाई छाडेका थिए ।

चौपाया आवश्यक कारबाहीको लागि जलेश्वर भन्सार कार्यालय मलिवडामा पठाइएको छ । सो विषयमा अन्य अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै, प्रहरीले सोही पालिकाको ४ नम्बर वडाबाट दुई लाख ९ हजार रकम बराबरको सामानसहित एक जनालाई पक्राउ गरेका छन् ।

प्रहरीले सूचना पाएको ठाउँबाट टाउकोमा बोकी भन्सार छलेको कपडा ओसारपसार गर्ने एक जना भने फरार भएको थियो । पछि प्रहरीले खोजी गर्दा रामगोपालपुर नगरपालिका ५ का २४ वर्षीय श्रीकान्त कापरलाई नियन्त्रणमा लिएको छ । कपडा पनि भन्सार कार्यालयमा पठाइएको छ ।

# निःशुल्क आँखा परीक्षण

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बसबरिया गाउँपालिका-३, भवानीपुरमा आइतबार भएको निःशुल्क आँखा शिविरबाट ४०३ जना लाभान्वित भएका छन् ।

जनता माध्यमिक विद्यालय भवानीपुरमा भएको शिविरमा २०८ जना महिला र १९५ जना पुरुषले सेवा लिएका छन् । तीमध्ये ११० जनामा मोतीविन्दु फेला परेको छ ।

तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डुले अहिलेसम्म बागमती, बरहथवालगायत स्थानमा आयोजना गरेको शिविरमा २ हजार ३३१ जनाको आँखा जाँच गरिएकोमा ३५६ जनामा मोतिविन्दु फेला परेको छ । अब फागुन २४ गते हरिवन १ स्थित



आधारभूत विद्यालय पटौनामा आँखा शिविर राखिएको छ ।

यी सबै ठाउँका शिविरमा फेला परेका मोतीविन्दुका बिरामीलाई फागुन २६ देखि २९ सम्म बागमती नगरपालिकास्थित शंकरपुरमा निःशुल्क अप्रेसनको व्यवस्था मिलाइएको आयोजक बागमती नगरपालिकाले जनाएको छ ।

# द्वन्द्व पीडित बालबालिकासंग होली

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको हरिवन नगरपालिका-५ घुर्कौली स्थित बालबालिकासंग होली साटासाट कार्यक्रमको आयोजना गरी मनाइएको छ । सर्लाहीमा सोमबारदेखि तीन दिन होली पर्व मनाउने बताइएको छ ।

नेपाल पत्रकार महासंघ, सर्लाही शाखाको सहकार्यमा द्वन्द्व पीडित बालगृहको आयोजनामा सोमबार होली साटासाट कार्यक्रमको आयोजना गरी होलीपर्व मनाइएको छ । कार्यक्रममा सर्लाही १ नम्बर क्षेत्र-क का सांसद बेचीलुगेली, प्रहरी अधिकारी, स्थानीय समाजसेवीतथा उद्योग वाणिज्य संघ एवम् चेम्बर अफ कमर्शका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

एक आपसमा रंग, अवीर दल्दै, उत्साह र उमंगका साथ असत्यविरुद्ध सत्यको विजयको प्रतीक, पारिवारिक, सामाजिक एवं सांस्कृतिक एकताको पर्व होली बालगृहका बालबालिकालाई विशेष भोजन खुवाइ मनाइएको नेपाल पत्रकार महासंघ सर्लाहीका अध्यक्ष टंकवहादुर क्षेत्रीले बताए । उनले भने, 'बाबु आमा गुमाएका बालबालिकासंग होली खेल्दा आनन्दको अनुभूति भएको छ ।'

# रक्सीसहित चार जना पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले भन्सार छलेर ल्याएको रक्सीसहित चार जनालाई पक्राउ गरेको छ ।

सोमबार मनरा सिस्वा नगरपालिका- ४ भेडेटारबाट ६ लाख ७९ हजारको रक्सीसहित दुई भारतीय र दुई नेपाली नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

सोही पालिका वडा नम्बर १० का १८ वर्षीय धमेन्द्र मण्डल, एकडारा ४ का २० वर्षीय कृष्णा कुमार यादव, भारत विहार सितामढी बन्तरा ग्रामपञ्चायतका मनिष कुमार पटेल र सोही ठाउँका नविन कुमारलाई प्रहरीले नियन्त्रणमा लिएका छन् ।

उनीहरु मोटरसाइकलमा लोड गरी रक्सी तस्करी गरिरहेका थिए । प्रहरीले रक्सी नियन्त्रणमा लिइ आन्तिरक राजस्व कार्यालय जनकपुरधाम पठाएको छ ।

प्रहरीले तीन वटा भारतीय मोटरसाइकल र एक वटा नम्बर नलेखिएको अपाचे मोटरसाइक पनि नियन्त्रणमा लिएका छन् भने ४७ कार्टुन विभिन्न प्रकारको रक्सि पनि नियन्त्रणमा लिएका छन् । सो विषयमा अन्य अनुसन्धान भइरहेको छ ।

# विद्यालयलाई डेक्स सहयोग

**टुडे समाचारदाता**

मलंगवा । लायन्स क्लब अफ लालबन्दी सिटीले सोमबार सर्लाहीको हरिपुरस्थित एक विद्यालयलाई १० थान डेक्स प्रदान गरेको छ ।

क्लबले हरिपुर नगरपालिका-७ पचगछियामा रहेको श्रवण जनता प्राथमिक विद्यालयलाई १० थान डेक्स सहयोग गरेको छ ।


केही दिनअघि विद्यालयमा सहयोग प्रदान गर्न जाँदा बालबालिकालाई पठनपाठनका लागि डेक्सको अति नै अभाव रहेको देखेपछि डेक्स लगेर शिक्षकहरु मार्फत विद्यालयलाई हस्तान्तरण गरिएको लायन्स क्लब अफ लालबन्दी सिटीका पूर्व अध्यक्ष राजकुमार न्यौपानेले जानकारी दिए ।

उनका अनुसार लायन्स क्लब डिष्टिक




३२५ एच का कोषाध्यक्ष कविन्द्र जोशीले व्यक्तिगत खर्चमा डेक्स उपलब्ध गराएका छन् ।

जोशीले उपलब्ध गराएको डेक्स लायन्सका वर्तमान अध्यक्ष चिरन्जीवी खतिवडा, पूर्व अध्यक्ष न्यौपानेलगायत भएर विद्यालयलाई हस्तान्तरण गरेका थिए ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# होलीको शुभकामना

सामाजिक सदभावको प्रतीक रंगअबीरको त्यौहार रंगोत्सव धुमधामका साथ मनाइँदैछ । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसंस्कृति भएको देश हो । हरेक धर्मावलम्बीहरुको फरक-फरक संस्कृति रहेको छ । हिन्दूहरुले मान्ने अनेक पर्वत्यौहार मध्ये होली पनि एक हो । होलीलाई पर्वको रुपमा मनाइए पनि खासमा पूजापाठ होलीमा गरिदैन् । तर सदभाव बढाउन होलीलाई अत्यन्त महत्वपूर्ण मानिन्छ । वर्षभरिका तिक्ततालाई बिर्सेर होलीमा सदभाव स्थापित गर्ने मान्यता छ । रंगअबीर लगाएर एकअर्काप्रति प्रेम, सदभाव दर्शाइन्छ । होली नेपालको राष्ट्रिय त्यौहार हो । पहाड र तराईमा एक दिनको फरकमा होली मनाइन्छ । पूर्णिमाको दिन पहाडमा होली खेलिन्छ । तराईमा पुर्णिमाको भोलिपल्ट होली खेलिन्छ । हुनत मिथिला क्षेत्रमा होली नेपाल र भारतको अन्य भागको भन्दा केहि फरक हुन्छ । मिथिलामा जनकपुरधामको अन्तरगृह परिक्रमा गरिएको भोलिपल्ट होली खेलिन्छ ।त्यसको प्रमुख कारण परिक्रमाका सहभागीहरु पूर्णिमाको साँझ सम्म घर पुग्ने गरेकाले होली भोलिपल्ट खेल्ने चलन रहेको देखिन्छ ।नेपालमा खेलिने होलीमा मुसलमानहरु पनि सहभागिता जनाउने गर्छन् ।आपसमा सद्भाव बढाउने पर्व त्यसैका लागि भनिएको छ । रामायणमा होलिका दहन र भगवान रामको लंका विजयपछि अयोध्यामा मनाइएको खुशियालीसित पनि जोडिएको छ । असत्यमाथि सत्यको जितको रुपमा पनि होली मनाइन्छ ।असुर शक्तिलाई पराजित गरी सत्य स्थापित गरिएपछि व्यक्त गरिएको खुशियाली पनि होलीको रुपमा स्थापित भएको देखिन्छ । संसारमा खेलिने होलीको विभिन्न प्रकार छ । भारतको वृन्दावनमा फूलको होली खेलिन्छ । भगवान श्रीकृष्ण अहिले पनि बृजमा होली खेल्न आउने गरेको लोकमान्यता छ ।भगवान राम ससुराली जनकपुरधाममा रहेको बेला हाल महोत्तरी जिल्लामा पर्ने कञ्चनवनमा होली खेलेको मिथिला महात्म्यमा वर्णन गरिएको छ । हिन्दूहरुले होली खेल्ने अथवा हिन्दूहरुको पर्वको रुपमा होली अझै रहे पनि अन्य धर्मावलम्बीहरुको पनि उल्लासमय सहभागिता होलीमा देखिन्छ ।होलीको अवसरमा खुशियाली साटासाट गर्नु नै प्रमुख कार्य हो । एकअर्कासितको सामिप्यता बढाउने र भद्र र सभ्य ढंगले रंगअबीर खेल्ने होलीको प्रमुख आकर्षण हो । पछिल्लो केहि वर्षदेखि होलीमा विकृतिहरु बढेका छन् ।अत्यधिक मदिरा लगायतका नशालु पदार्थ सेवन गरी अभद्रता देखाउने क्रम बढेकाले होलीको दिन अनेकौ अकल्पनीय घटना हुने गरेको छ ।सवारी दूर्घटना, कुटपिट, नशालु पदार्थकै सेवनको कारण लडेर ज्यान गुमाउने, अंगभंग हुने विकृतिहरु होलीमा बढेको छ ।होलीलाई मर्यादित बनाउन प्रहरी प्रशासन मात्र नभइ सामाजिक संघसंस्थाहरुपनि सक्रिय हुनुपर्छ । सामूहिक रुपमा खेलिने होलीमा समुदायको सहभागिता बढाउन होलीलाई मर्यादित बनाउन आवश्यक छ । होलीलाई सुरक्षित बनाउन व्यापक प्रहरी परिचालन गरिएको छ । होलीमा अराजक क्रियाकलाप गर्नेलाई कारबाहीको व्यवस्था गरिएको छ । होलीमा हुन सक्ने हिंसात्मक घटनालाई रोक्न प्रहरी प्रशासनको सजगता आवश्यक पनि छ ।सञ्चार उद्यमी अरुण सिंघानियाको होलीकै दिन कायरतापूर्ण ढंगले हत्या गरिएको थियो । जनकपुर टुडेका संस्थापक सिंघानियाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।

# ध्वनि प्रदूषणमा डुबेको जनकपुरधाम



ई. सत्य नारायण शाह

"दशैं, लाउडस्पीकर, र ध्वनी प्रदुषण" शीर्षकमा मेरो लेख स्थानीय र केही राष्ट्रिय पत्रिकाले २०५८ सालमा अर्थात २१ वर्ष अगाडी प्रकाशित गरेको थियो । त्यो लेख त्यतिखेर मैले दशैको समयमा भोगेको पीडाको कारण लेखेको थिए । आज भोलिको अवस्था त्यतिखेरको अवस्था भन्दा पनि निकैनै बिग्रेको मैले महशुश गरेको छु । राजा जनक र जगत् जननी जानकीसंग सम्बन्ध जोडिएको प्रमुख कारणले जनकपुरघामको गणना एउटा पूण्य भूमीको रुपमा विश्वमै मान्यता प्राप्त गरेको कुरा सर्वविदितै छ, त्यति मात्र होइन यो एउटा तपो भूमिको रुपमा पनि लिनुपर्ने मान्यता छ अर्थात विद्वानहरुले विचार मन्थन गर्ने, ध्यान गर्ने थलोको रुपमा पनि यो स्थान परिचित रहेको छ । अर्को शब्दमा भन्ने हो भने यो शान्त भुमिको रुपमा चिरपरिचित छ ।

यहां विभिन्न धार्मिक पर्व त्योहार अनेकानेक भव्य कार्यक्रमहरुको आयोजन गरी मनाईने एउटा परम्परा जस्तै वसिसकेकोछ । खास गरी विवाह पञ्चमी, रामनवमी, जानकी नवमी, दशैं, दिपावली, छठ आदि जस्ता पर्वहरु विशेषरुपले जनकपुर शहरलाईनै सिंगारी मनाउने परम्परा बसेको छ, जसमा मिथिलाको विशेषताको रुपमा रहेको गीतसंगीतको प्रधानता देखिन्छ । यस अवसरमा हजारौंको संख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरु धर्मिक अथवा दर्शनीय दृष्टिकोणले उपस्थित भई आनन्दित हुने गरेका छ्न । विशेषरुपले दशैं तिहार तथा छठको सजावट एवं धार्मिक रीतिहरु हेर्न हजारौंको संख्यामा पर्यटकहरु यस अवसरमा आउने गरेका छ्न् ।

पर्व त्यौहार मनाउदा धार्मिक तथा सांस्कृतिक उद्देश्यको पूर्ति हुनुको साथै मानव स्वास्थ्य देखि लिएर वातावरणीय प्रभावको वारेमा सजग हुनु पर्ने त्यतिकै आवश्यक हुन जान्छ । आखिर धार्मिक उत्सवहरु पनि त मानव जातिकै कल्याणको लागि हो तर सो अवसरमा हुने गरेका सज्जाश्रृंगार तथा गीतसंगीतले प्रतिकूल असर पार्न थाल्यो भने त्यसमा अविलम्व परिवर्तन ल्याउन जरुरी पनि हुन जान्छ । यस प्रति स्थानीय सरकार, सम्पूर्ण समाज र प्रशासनिक निकायहरु सचेत हुनु जरुरी देखिएको छ ।

जनकपुरघाममा पर्व त्यौहारको अवसरमा हुने गरेका सज्जा तथा श्रृंगारको लागि प्रयोग गरिएका सामग्रीहरु मध्ये विभिन्न किसिमका ठूल–ठूलो आवाज आउने पड्का तथा लाउड स्पीकरबाट प्रसारित संगीतहरुबाट हुने गरेका वातावरणीय प्रभाव प्रति हामी वहुतै संवेदनशील हुनु पर्ने अति आवश्यक भएकोछ । हुन त आयोजकहरुको दृष्टिमा भजन इत्यादिलाई लाउड स्पीकरको माध्यमबाट प्रसारित गर्नु वातावरणलाई अझ बढि धार्मिक तुल्याउने मनोभावना होला तर यो कति लाभदायी वा हानिकारक छ त्यस प्रति उहांहरु सजग हुनै पर्छ । यस बाहेक पनि प्रत्येक कुना-कुनाबाट चौविसै घन्टा भजन तथा अन्य गीतका रेकर्डहरु सुन्नुपर्ने बाध्यता त छदैछ ।

आजकल धार्मिक कार्यक्रम भन्दा पनि तीब्र ध्वनि उत्पदान गर्ने श्रोत बिहेबारीको अवसरमा बजाइने DJ, बैण्ड बाजा आदि रहेको पाइएको छ, जसले सबै ध्वनि श्रोतलाइ मात दिएको छ । झन् बिहे कार्यक्रम अबेर राति सम्म मनाउने त् एक किसिमको परम्परानै जनकपुर नगरीमा बसिसकेको पाइन्छ ।

उपरोक्त दृश्यले बहुतै उच्चस्तरीय ध्वनि प्रदूषणको श्रोत निर्माण गरेको छ जसलाई सम्बन्धित निकायले गम्भीरतापूर्वक चिन्तन र उपाय तर्फ अबिलम्ब क्रियाशील हुनुपर्ने आवश्यकता छ ।

**ध्वनि प्रदूषण के हो ?**

ध्वनि प्रदूषणलाई अनावश्यक आवाजको रूपमा परिभाषित गरिएको छ जसले वातावरण माथि नकारात्मक प्रभाव पार्दछ । तीब्र आवाज अवांछित हुन सक्छ किनभने यो चर्को, विचलित, वा कष्टप्रद हुन्छ । ध्वनी प्रदूषणलाई मानव, वन्यजन्तुवा वनस्पतिको जीवनचक्रलाई बाधा दिने वा हानी गर्ने, सामान्य स्थितिमा उथलपुथल ल्याउने अनावश्यक आवाजको रूपमा लिन सकिन्छ । यद्यपि आवाजले हामीलाई वरिपरि घेरेपानी, ध्वनि प्रदूषणलाई सामान्यतया पानीको गुणस्तर र वायुमण्डलको गुणस्तरका समस्याहरू भन्दा कम ध्यान दिने प्रवृति देखिएको छ, किनभने यो हेर्न, स्वाद गर्न वा गन्ध महशुश गर्न सकिँदैन।

स्पेनको बार्सिलोना इन्स्टिच्युट फर ग्लोबल हेल्थका डाडेभिडरोजास अनुसार 'चर्को आवाजलेकेन्द्रीय स्नायु प्रणालीमा उत्तेजना उत्पादन गर्छ र यो उत्तेजनाले केही हर्मोन निस्कन्छ,' यसबाट उच्च रक्तचापको जोखिम बढाउँछ, र उच्च रक्तचापले हृदयाघात र सेरेब्रोभास्कुलर रोगहरू जस्तै इन्फ्रक्सन (हृदयघात) रस्ट्रोकसँग सम्बन्धित कुराहरुलाई निम्त्याउछ' ।

भर्खरै एउटा समाचारमा उल्लेख भए अनुसार बिहार (भारत)को सोनाबरसा नजिकको एक बिहेमा दुलहाले DJ को ध्वनिको तीब्रता कम गर्ने आग्रह गर्दा पनि सो नगरेकोले आखिरमा त्यस दुलहाको हृदयघातले मृत्यु भएको खबर सुनिएको छ । ध्वनि प्रदुषणको कारण घटेको यो अत्यन्तै दुखद घटना हो ।

वास्तवमा वातावरणलाई प्रदुषण गर्न ध्वनी एउटा प्रमुख अव्यवको रुपमा छ । यसले भवनमा चिरा पार्ने देखि लिएर पुल भत्काउने क्षमता समेत राख्दछ, भने मानव शरीरमा मानसिक रोग, चर्म रोग तथा अन्य कतिपय रोगहरु निम्त्याउने प्रमुख कारण पनि वन्न सक्छ । यस सम्बन्धमा नोवेल पुरस्कार विजेता श्री रोवर्ट कोचले समेत "A day will come when man will have to fight merciless noise as the worst enemy of health"भन्ने अभिव्यक्ति दिएका छन् ।

**ध्वनिको मापन**:

डेसिवल (dB) ध्वनी मापनको ईकाइ हो । यसले ध्वनीको चर्कोपनाको (Loudness) परिमाणलाई दर्शाउंछ । साधारण वार्तालापको माप ३० देखि ६० डेसिवल हुन्छ भने एउटा जेट विमान उड्ने वखतको ध्वनीको माप १६० डेसिवल भन्दा बढि हुन्छ । ध्वनीलाई उसको परिमाणको हिसावले निम्न प्रकारले बाड्न सकिन्छ ।

०–१०– डेसिवल (dB) वहुतै कम मात्रामा सुन्न सक्ने ध्वनी
११–३० डेसिवल (dB) वहुतै स्यानो ध्वनी
३१–५० डेसिवल (dB) सामन्य ध्वनी
५१–७५ डेसिवल (dB) सामन्य भन्दा अलि चर्को ध्वनी
७५–१०० डेसिवल (dB) वहुतै चर्को ध्वनी
१०१–१०५ डेसिवल (dB) असामन्य रुपले चर्को ध्वनी
१२६– डेसिवल (dB) भन्दा बढि दर्दनाक ध्वनी

सामान्यतया DJ ले उत्पादन गर्ने ध्वनि १०० डेसिबल हुन्छ । तर कहिले काही यो सीमा नाघेका उदाहरणहरु पनि पाइन्छ ।

नेपालको मानक तलको तालिकामा उल्लेख गरिएको छ ।

**Table1: Noise Level Standard of Nepal (2069)**

| S. N. | Area | Noise Level dB(A) | |
|---|---|---|---|
| | | Day time | Night time |
| 1 | Silent Zone | 50 | 40 |
| 2 | Industrial Area | 75 | 70 |
| 3 | Business Area | 65 | 55 |
| 4 | Rural Residential Area | 45 | 40 |
| 5 | Urban Residential Area | 55 | 45 |
| 6 | Mixed Residential Area | 63 | 40 |

*Source: Nepal Rajpatra, Kartik 13, 2069*

यस्ता मानक विभिन्न शहरले आफ्नो भौतिक स्थितिको आधारमा तोक्नेगरेको संसार भरिनै व्यवहारमा छ ।

**यस प्रदूषणले के के गर्नसक्छ** :

ध्वनी प्रदुषणको कुरा गर्दा यसबाट मानव शरीरमा पर्न सक्ने प्रभावहरुको वारेमा जानकारी हुनु अति आवश्यक छ, जसबाट प्रत्येक सजग नागरिक यस प्रभावहरुबाट भिज्ञ होस् । यस प्रकारको प्रदुषणबाट, अस्थायी अथवा स्थायी रुपले नसुन्ने, नशा सम्बन्धी तनाव्, मानसिक तनाव, उदासिनता आउने, स्वभावमा चिरचिरापन, ठूलो स्वरमा वोल्ने वानी पर्ने, अनिद्रा वा अस्वस्थकर निद्रा आउने, हृदय गति बढ्ने, पेटको अल्सर हुने ईत्यादि प्रमुख छन् । ध्वनी प्रदुषणले अन्तोगत्वा समाज र देशलाई नै प्रभावित गर्ने भएकोले यस प्रति समस्त नागरिक तथा नीति निर्माताहरुको समयमै ध्यानाकर्षण हुनु अति आवश्यक छ, होईन भने यसबाट आईपर्ने प्रभावहरुबाट कोही पनि वंचित हुन सक्दैन र फलस्वरुप मानसिक तथा शारिरीकरुपले अस्वस्थ व्यक्तिहरुको जमात मात्र हाम्रो समाजमा हुने निश्चित प्रायः छ । यसको रोकथामको लागि WHO ले UN को वातावरण सम्वन्धी सम्मेलनमा ध्वनी प्रदुषण अरुभन्दा सजिलै तरिकाले नियन्त्रित गर्न सकिन्छ तर त्यसको लागि सवै सजग हुनु पर्छ भने तथ्य पनि प्रकाशित गरिसकेको छ । तसर्थ ठूलो आवाज आउने श्रोतहरु माथि समयमै नियन्त्रिण हुनु अति आवश्यक छ र त्यसको लागि सरकारले समयमै कानून/नीति पनि वनाई त्यसको पालन र निगरानी गर्नसक्नु पर्छ । तर स्थानीय निकायले यस प्रति सजग भई प्रदुषण नियन्त्रणतिर अविलम्ब पाईला चालि हाल्नु पर्छ ।

**जनकपुरधाममा ध्वनिको अवस्था**:

खासगरी ध्वनि प्रदूषणलाइ लिएर जनकपुरधामको जुन अवस्था देखिन्छ त्यो अतिनै चिन्ताजनक छ । राति अबेरसम्म चर्को ध्वनिमा बाजा बजाउने देखि लिएर सवारीसाधनमा प्रयोग हुने अनावश्यक रुपले होर्न बजाउने प्रवृति उच्च रहेको पाइन्छ । खासगरी मोटरसाइकल चालकहरुको हर्न बजाउने प्रवृति यस्ता प्रदूषण बढाउनमा अतिनै महत्वपूर्ण भूमिका खेल्दछ जस्तो लाग्छ । बैण्ड बाजा र DJ ध्वनिको म स्वयं एउटा पार्टी पैलेसको छेउमा बस्ने भएकोले बहुतै कटु अनुभव संगालेको छु । विहेवारीको समयमा रातभरी सुत्न नपाएको थुप्रै दृष्टान्तहरु छन् । यसरि मजस्ता थुप्रै भुक्तभोगीहरु पक्कै हुनुहोला । मिथिलाको प्रत्येक परम्परामा गीतसंगीतको महत्वलाई कसैले उपेक्षा गर्न मिल्दैन तर कसैको पारिवारिक वा व्यक्तिगत व्यवहारलाइ लाउड स्पिकर मार्फत सार्वजनिक गर्न कसैको दृष्टिमा असल कार्य हो जस्तो लाग्दैन । यस कार्यलाई सामाजिक रुपलेनै प्रतिकार गर्नु आवश्यक छ । कहिलेकाहीँ एकै पटक विभिन्न स्थानबाट लाउड स्पिकर बजाउदा त्यो संगीत होइन अत्यन्त कस्टकर ध्वनिलाइ हामि अनुभव गर्नसक्छौं ।

यसै सन्दर्भमा एक जना विदेशी पर्यटकको अनुभव निकैनै दुःख पूर्ण रहेको उहांले व्यक्त गरेकै कुरा उल्लेख गर्न चाहे । उहां वहुतै खुशी भएर दशैंको समयमा जनकपुरको सज्जा तथा पारम्परिक रीति रिवाजको वारेमा जानकारी पाए पछि स्वयं आफ्नै नजरले हेर्न जनकपुर आउनु भयो तर चौविसै घन्टाको लाउड स्पीकर तथा ठूल-ठूलो आवाज आउने पड्काको ध्वनीले रातभरी सुत्न पाउन सक्नु भएन र भोलि पल्टै अस्वस्थ भएर फर्कनु भयो । त्यस्तै अर्का एक जना विदेशी सपरिवार जनकपुर स्थित एउटा क्ष्ल्न्इ मा कार्य गरिरहेको करीव ८-९ महिना विताई सके पनि दशैं तिहारको ध्वनी प्रदुषणले गर्दा उहांहरु आफ्नो चार वर्षको कार्यक्रम छोट्याएर आफ्नो देशतिर फर्कनु भयो ।

ध्वनी प्रदुषणले विदेशीलाई मात्र प्रभावित गरेको हुन्छ भने होईन स्थायी बासिन्दाहरुलाई पनि त्यति कै मात्रामा प्रभावित गरिरहेको हुन्छ । तर त्यसको लक्षण वा प्रभाव त्यहांका व्यक्तिहरुको आम क्रियाकलापबाट एउटा सामन्य व्यक्तिले सजिलै थाहा पाउन सक्छ ।

**केही उपायहरू**:

शहरी वातावरणमा ध्वनि प्रदूषणले प्रत्येक नागरिकको दैनिकीमा असुविधा, स्वास्थ्य, र मनोवैज्ञानिक समस्याहरूलाइ निम्त्याउछ । चर्को आवाजको सम्भावित प्रभावहरूमा महत्वपूर्ण वार्तालापमा हस्तक्षेप, कानको अस्वस्थता, एकाग्रता क्षमतामा ह्रास, निद्रामा गडबडी, उत्पादकत्वमा कमी, र बच्चाहरूको पढाइ सिकाइमा समस्याहरू समावेश छन् ।

**भौतिक व्यवस्था**: ध्वनि प्रदूषणलाई कम गर्ने एक मात्र तरिका भनेको ध्वनिको श्रोत माथि नियन्त्रण गर्नु तथा उपयुक्त साइलेन्सरहरू प्रयोग गरेर आवाजलाई नरम (कयात) पार्नु हो ।

शोर न्यूनीकरणका लागि हरियो सडकहरू उत्तम उपाय हुनसक्छ । शहरी ध्वनि प्रदूषणको कमीमा वनस्पतिको प्रयोग एक अवधारणा हो जसले विश्वभर धेरै ध्यानाकर्षण प्राप्त गरेको छ । रूख बेल्टहरूमा तिनीहरूको घनत्व, उचाइ, लम्बाइ, र चौडाइ सबैभन्दा प्रभावकारी कारकहरू भएकाले महत्त्वपूर्ण आवाजको तीब्रतालाई (attenuation) कमजोर पारेको देखिएको छ । शहरी सडकहरूमा, फराकिलो रूख बेल्टहरूको सम्भावना कम भएमा हेजहरू र घना झाडीहरूको व्यवस्थाले ध्वनि तीब्रतालाई कम गर्न धेरै उपयोगी विकल्प हुन सक्छ । विशेष गरी पक्कि र साँघुरो सडकहरूमा वनस्पतिले ट्राफिक आवाजको स्तर कम गर्न सक्छ । शहरमा भवनहरूबाट हुने इकोको कारणले आवाजको प्रवर्धनको सम्भावना बढाउछ तर बिरुवाहरूद्वारा ध्वनिक अवशोषणको कार्य हुन्छ ।

**नीतिगत व्यवस्था**:

ध्वनि प्रदूषणको प्रभावहरुलाई सबै तहका सरकारले गम्भीरतापूर्वक मनन गर्दै आवस्श्यक कानून निर्माण, त्यसको पालना एवम् अनुगमन कार्य प्रभावकारी रुपले गर्नु पर्दछ । यस तर्फ स्थानीय सरकारको भूमिका ज्यादै महत्वपूर्ण हुनसक्छ । कति डेसिवल (dB) को ध्वनीलाई ग्राह्य मान्ने र त्यसलाई समय संग कसरी जोड्ने भन्ने कुरा नीतिमै हुनु जरुरि छ । यसमा खासगरी मन्दिर मस्जिदमा बजाइने देखि लिएर घरायसी पूजापाठमा प्रयोग गरिने लाउड स्पिकरहरु, राजनैतिक कार्यक्रममा प्रयोग हुने PA सिस्टम, सबारी साधनहरुबाट निस्किने आवाजहरुको तीब्रता नियन्त्रण आदि कानूनी आधारमै गरिनुपर्दछ ।

**अन्तमा**:

ध्वनि प्रदूषण यसो हेर्दा सामान्य लाग्ने तर अत्यन्तै गम्भीर प्रकृतिका प्रभाव मानव जीवन मात्र होइन पशुपंछी तथा वनस्पतिमा समेत पार्ने हुँदा सम्वन्धीत निकाय तथा नागरिक समाजले आ–आप्नो स्थानबाट सजग भइ यसलाई नियन्त्रण गर्ने तिर लाग्नुपर्ने आवश्यकता सवैतर्फबाट यथोचित मनन हुनैपदर्छ । ध्वनि प्रदूषणले वासस्थानको गुणस्तर घटाउदै तनावको स्तर बढाएर सर्वपक्षीय नकारात्मक प्रभाव पार्दछ । यहासम्म कि मान्छेमा पर्ने यसको प्रभावले सामाजिक समन्वय, सौहाद्रपूर्ण वातावरण निर्माण समेत हुन् बाधा गर्छ । मान्छेमा नकारात्मक एवम् प्रतिक्रियात्मक सोचमा अभिबृद्धि हुनथाल्छ । अर्को कुरा केपनी हो भने, विभिन्न व्यक्तिहरूले एउटै प्रकारको आवाजमा फरक फरक प्रतिक्रिया दिनसक्छन । 90 dB सम्मको आवाजको स्तरले कुनै धेरै ठुलो प्रभाव पार्दैन तर 115 dB भन्दा बढीको एक्सपोजर बिल्कुल असुरक्षित हुन्छ र यो कुनै पनि हालतमा अनुमति योग्य हुँदैन । सौम्य समाजको निर्माणमा स्थानीय सरकारले उच्च प्राथमिकता दिदै आवश्यक कार्य गर्नेछ भनि विश्वास गरौ ।

# मर्यादित बन्दै होली

पूर्णप्रसाद मिश्र / सिबी अधिकारी

विगत केही वर्षअघिसम्म फागुपूर्णिमा (होली) पर्वको एक साताअघिदेखि नै राजधानीमा युवतीको आवागमन बन्द हुन्थ्यो ।

काम विशेषले निस्कनै पर्ने युवतीले घर फर्कंदा निथ्रुक्क हुनुपर्ने बाध्यता थियो । फागुन शुक्ल अष्टमीको बिहान हनुमानढोका दरबार क्षेत्रमा चीर गाडेपछि युवतीलाई पानी भरेको लोलाले हिर्काउने परम्परा नै बनेको थियो । यो विकृति क्रमशः अन्त्य हुन थालेको छ । केही वर्षअघिसम्म फागुपूर्णिमाका दिन घर बाहिर निस्कनेलाई बाल्टीका बाल्टी पानी खन्याइन्थ्यो । अबिरलगायत रङ दलिन्थ्यो ।

खानेपानीकै अभाव रहेको राजधानी काठमाडौँमा फोहर पानीले बटुवालाई हान्ने विकृति बढ्दै गएको थियो । विसं २०७६ मा कोरोना महामारी बढेपछिदेखि नै विकृति अन्त्य हुन थालेको हो । कोरोनाअघि पनि यो विकृतिमा केही कमी भने आइसकेको थियो । अपवादका रुपमा भने अझै पनि केही मानिस उच्छृङ्खल गतिविधिमा संलग्न भएको देखिन्छ । त्यस्तालाई कानुनी कारबाहीको दायरामा ल्याइने नेपाल प्रहरीले जनाएको छ ।

यसपटक भने कसैले पनि अरुको इच्छाविपरीत फागुपूर्णिमाको संस्कृतिका नाममा विकृतिका काम गरेको देखिएन । मानिस आफू आफूमै रमाइरहेका छन् । घरपरिवार एवं छरछिमकीसँग फागु खेले । टीका लगाइदिए । खुसी साटासाट गरे । आपसी सौहार्दता बढाए । फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागुपूर्णिमा (होली) पर्व राजधानीलगायत पहाडी र हिमाली जिल्लामा सोमबार अपेक्षाकृत शान्तरुपमा मनाइरहेको देखिन्छ ।

केही वर्षअघिसम्म फागुपूर्णिमा (होली) मा मानिसको इच्छाविपरीत रङ दल्ने पानीका लोला हान्ने गरिन्थ्यो । केही वर्षअघिदेखि त्यस्तो काम रोकिएको छ । यस वर्ष भने सडकमा फागु खेल्ने प्रायः बालबालिका देखिन्छन् । बालबालिकाले पनि विगतमा जस्तो सडकमा हिँड्ने मानिसलाई रङ दल्ने र पानीका लोला हान्ने गरेका छैनन् । गाडी रिजर्भ गरेर होली खेल्दै हिँड्ने मानिसको भीड नगन्य छ । पुतलीसडक चोकमा फागु पर्व मनाइरहेका युवा रामचन्द्र श्रेष्ठ चिनजानका साथीभाईबीच मात्र पर्व मनाउने सडकमा सवारी र पैदल यात्रा गर्नेलाई केही नगर्ने बताउनुहुन्छ ।

विशेषगरी युवतीलाई लोलामा पानी भरेर एक हप्ताअघिदेखि नै छ्यापेर मनोवैज्ञानिकरुपमा बाहिर निस्कन नसक्ने वातावरण बनाइन्थ्यो । यस वर्ष फागु पर्वकै दिन पनि सहजरुपमा हिँडडुल गर्न सकेको सडकमा भेटिएका धेरैले बताए । कतै अपवादका रुपमा जबर्जस्ती रङ लगाएपनि फोहर पानीले दुर्व्यवहार गरेको देखिएन ।



**बिहानैदेखि वसन्तपुरमा विशेष चहलपहल**

यस पर्वका अवसरमा सोमबार काठमाडौँको वसन्तपुरमा उपस्थित मानिसले विशेषरुपमा होली अर्थात् फागुपूर्णिमा पर्व मनाइरहेका छन् । वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै त्यहाँ गाडिएको चीरलाई बेलुकी विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउँछन् । उक्त चीरमा राखिएका ध्वजापताका औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ ।

फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठक अगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजासोमबारा गरेपछि फागु सुरु भएको थियो । सोमबारै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको १० पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ ।

त्रेता युगमा दैत्यराज हीरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको मानिन्छ ।

यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई ब्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौँ रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि छ ।

फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । यस पर्वका उपलक्ष्यमा सोमबारभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सीजस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवारीसाधनमा समेत लोला हिर्काउने जस्ता विकृति पनि कम हुँदै गएको छ । प्रत्येक वर्ष पहाडी जिल्लामा फागुन शुक्ल पूर्णिमा र तराईका जिल्लामा फागुन कृष्ण प्रतिपदाका दिन फागु पर्व मनाउने गरिन्छ ।

**२७ हजार सुरक्षाकर्मी परिचालन**

फागुपूर्णिमाका अवसरमा देशभर सामान्य सुरक्षाका लागि बाहेक २७ हजार सुरक्षाकर्मी परिचालन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले रासससलाई जानकारी दिनुभयो ।

होलीका अवसरमा अहिलेसम्म देशभर कुनै अप्रिय घटना भएको छैन । राजधानीलगायत मुख्य सहरमा सुरक्षा व्यवस्था कडा बनाइएको छ । राजधानीमा नियमित बाहेक पनि ६६ भन्दाबढी स्थानमा जाँच गरिरहेको प्रहरीले जनाएको छ ।

यस वर्ष विगतमाभन्दा फागु पर्व सभ्य देखिएको प्रहरी प्रवक्ता पोखरेलले बताउनुभयो । अहिलेसम्म उच्छृङ्खल गतिविधि गर्ने कसैलाई पनि प्रहरीले यिनन्त्रणमा लिएको छैन । सहरका भित्री भागमा फागुपूर्णिमाका अवसरमा धेरै चहलपहल छैन । होलीको चहलपहलमा उत्रनेले पनि फागुपूर्णिमाका अवसरमा अरुलाई आक्रमण गरेका छैनन् । समग्रमा फागुपूर्णिमाका अवसरमा मानिस सभ्य बन्दै गएको देखिन्छ । रासस

# प्रधानमन्त्रीसँग शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपाल भ्रमणमा रहेको एसियन एथलेट्स् एशोसिएसनका अध्यक्ष एवं वर्ल्ड एथलेट्स्का सदस्य डह्लान अल-हमदले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

प्रधानमन्त्रीको निवास बालुवाटरमा सोमबार बिहान भएको भेटवार्तामा खेलकुद तथा समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

**श्रद्धाञ्जली अर्पण**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार निधन हुनुभएका नेकपा (एकीकृत समाजवादी)का नेता सरोजकुमार उपाध्यायप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमा पुगेर प्रधानमन्त्री दाहालले नेता उपाध्यायप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको हो।

शनिबार काठमाडौँको शङ्खमूलस्थित एक रेष्टुरेन्टबाट खसेर नेता उपाध्यायको निधन भएको थियो । उपाध्याय एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालका भाइ हुनुहुन्छ। प्रधानमन्त्री दाहालले अध्यक्ष नेपाल र उहाँको परिवारजनमा समवेदना व्यक्त गर्नुभएको थियो।

दिवङ्गत नेता उपाध्यायको अन्तिम श्रद्धाञ्जलीका लागि पार्थिव शरीर पार्टी कार्यालयमा राखिएको थियो । एकीकृत समाजवादीका नेता तथा कार्यकर्ताले पनि दिवङ्गत नेता उपाध्यायप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।रासस

# राष्ट्रपति निर्वाचनमा पाँच दलको छुट्टिएन कित्ता, रास्वपाका सांसद स्वतन्त्र





**टुडे समाचारदाता**

काठमाण्डु। फागुन २५ मा हुने राष्ट्रपति निर्वाचनको सन्दर्भमा सोमबार (आज) राति १२ बजेदेखि मौनअवधि सुरु हुँदैछ। राष्ट्रपतिका उम्मेदवार कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई १० दलको समर्थन छ।

कांग्रेस, माओवादी, जसपा, एकीकृत समाजवादी, जनमत, लोसपा, नागरिक उन्मुक्ति, जनमोर्चा, नेसपा र आम जनता पार्टी गरी १० दल संस्थागत रुपमा पौडेलको पक्षमा उभिएको अवस्था छ।

यता एमालेले पौडलविरुद्ध पार्टीका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई मैदानमा पठाएको छ। नेम्वाङलाई मौनअवधिसम्म एमाले बाहेकका दलको समर्थन छैन।

पाँच दलले भने राष्ट्रपतिका दुई उम्मेदवार पौडेल र नेम्वाङमध्ये कसलाई मत दिने भनेर कित्ता क्लियर नगरेको अवस्था छ। राप्रपा, रास्वपा, नेमकिपा, हाम्रो नेपाली पार्टी र संघीय समाजवादी पार्टीले राष्ट्रपतिमा कसलाई मत दिन्छन् भन्ने प्रस्ट भएको छैन।

प्रतिनिधिसभामा १४ र प्रदेश सभामा २८ सांसद भएको राप्रपाभित्र राष्ट्रपति निर्वाचनमा भाग लिने-नलिने भन्नेमा विवाद छ। राजसंस्थाको वकालत गर्ने राप्रपाभित्र राष्ट्रपति निर्वाचनमा भाग लिन नहुने मत जबरजस्त देखिन्छ। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन निर्वाचनमा भाग लिनुपर्ने पक्षमा छन् भने वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र, प्रवक्ता तथा संसदीय दलका प्रमुख सचेतक ज्ञानेन्द्र शाही लगायत विपक्षमा छन्।

नेम्वाङले बिहीबार राप्रपाको केन्द्रीय कार्यालय धुम्बाराही पुगेर अध्यक्ष राजेन्द्र लिङ्देनसँग मत मागेका थिए। राष्ट्रपतिको निर्वाचनमा कसलाई मतदान गर्ने भन्ने विषयमा फागुन २४ गते निर्णय लिने राप्रपाको जवाफ थियो। राप्रपाका नेताहरुका अनुसार राष्ट्रपतिमा मत दिन निर्णय भए नेम्वाङलाई भोट दिने सम्भावना बढी छ। यता कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेलले राप्रपालाई खासै महत्त्व दिएको देखिँदैन। कांग्रेस सभापति शेरबहादुर देउवाले भने औपचारिकताका लागि राप्रपाका अध्यक्ष लिङ्देनलाई पत्र पठाएका थिए।

यस्तै संघीय संसदको चौथो ठूलो दल रास्वपाले पनि राष्ट्रपतिमा कसलाई समर्थन गर्ने भनेर निर्णय गरेको छैन। तर कांग्रेस र एमालेका नेताहरु भोटका लागि रास्वपा अध्यक्ष रवि लामिछानेलाई भेट्न पार्टी कार्यालय पुगेका थिए।

राष्ट्रपतिमा उम्मेदवारी दर्ता गरेर पौडेल लामिछानेलाई भेट्न उनको निवास पुगेका थिए। आफू लोकतन्त्रप्रति प्रतिबद्ध रहेको र लामो राजनीतिक यात्रा रहेकाले समर्थन गर्न लामिछानेलाई पौडेलको आग्रह थियो।

लामिछानेले पार्टीले निर्णय गर्नै बाँकी भएको जवाफ दिए। 'मैले उहाँलाई पार्टीले निर्णय गर्न बाँकी छ, पार्टीगत निर्णय गर्छौं भनें। तपाईंलाई शुभकामना छ भनें,' लामिछानेको भनाइ छ। त्यसपछि शुक्रबार पनि पौडेल भोट माग्न रास्वपाको पार्टी कार्यालय पुगेका थिए। यस्तै बिहीबार एमाले नेताहरु रास्वपा सभापति लामिछानेलाई भेट्न बसुन्धारामा पुगेका थिए। एमाले राष्ट्रपतिमा सहयोग गर्न आग्रह गर्दा लामिछानेले पार्टीको आन्तरिक छलफलपछि निर्णय लिने बताएका थिए।

नेम्वाङ राष्ट्रपतिका लागि एउटा उपयुक्त पात्र भए पनि केन्द्रीय समिति र संस्दीय दलको बैठकबाट मात्र निर्णयमा पुग्ने लामिछानेको भनाइ थियो। रास्वपा संसदीय सदका नेता डोलप्रसाद अर्यालले भोट हाल्न जानुअघि बैठक बसेर राष्ट्रपतिबारे निर्णय लिने रातोपाटीलाई बताए। 'एमाले र कांग्रेसका उम्मेदवारले भोट माग्नु भएको छ। हामीले कसैलाई पनि बचन दिएका छैनौं। २५ गते बिहानै निर्णय हुन्छ,' उनी भन्छन्।

रास्वपाले सरकार पक्ष र विपक्षी एमालेसँग समदुरी राखेर अगाडि बढ्ने रणनीति लिएको देखिन्छ। माघ २२ मा सरकारबाट बाहिरिएको रास्वपाले समर्थन फिर्ता लिएको छैन। पुस १० को सत्ता समीकरण फेरिएपछि सरकारबाट बाहिरिएका एमाले र राप्रपाले समर्थन फिर्ता लिइसकेको अवस्था छ। तर रास्वपा पुनः सरकारमा सहभागी हुने तयारीमा छ। रास्वपाका संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले राष्ट्रपतिबारे विभिन्न विकल्पमा छलफल भइरहेको बताए।

उनले भने, 'राष्ट्रपतिमा सांसदलाई भोट हाल्न स्वतन्त्र छाडिदिने कि भन्ने विकल्पमा पनि छलफल भइरहेको छ। जे निर्णय हुन्छ, बैठक बसेर हुन्छ।'

यता प्रतिनिधिसभामा एक र प्रदेशसभामा तीन सांसद रहेको नेमकिपा राष्ट्रपतिमा कसलाई भोट हाल्ने भन्ने टुंगोमा पुगेको छैन। परिस्थिति नियालेर निर्णय लिने योजनामा रहेको नेमकिपाका सांसद प्रेम सुवालको भनाइ छ। नेमकिपामा संस्थागत निर्णय भइनसके पनि सुवालले नेम्वाङलाई भोट दिने संकेत गरे।

यस्तै, हाम्रो नेपाली पार्टी कुनै पनि उम्मेदवारको पक्षमा खुलेको छैन। प्रदेशसभामा दुई सांसद भएको सो पार्टीले पनि अन्तिममा निर्णय लिने जनाएको छ।

संघीय समाजवादी पार्टीको पनि मधेस प्रदेशसभामा मात्रै एक सांसद छन्। यो पार्टीले पनि राष्ट्रपतिमा कसलाई समर्थन गर्ने भनेर निर्णय लिन बाँकी छ। तर १० दलको समर्थन पाएका पौडेलको पक्षमा स्पष्ट बहुमत देखिन्छ।

राष्ट्रपति निर्वाचनमा प्रदेश सभा, प्रतिनिधि सभा र राष्ट्रिय सभाका ८ सय ८१ सांसद मतदाता छन्। संघीय संसद्का सदस्य र प्रदेशसभाका सदस्यहरु गरी राष्ट्रपति निर्वाचनका लागि ८८१ सांसदको नामावली मतदाता सूचीमा सार्वजनिक भएको छ। प्रदेश सांसदको मतभार ४८ र संघीय सांसदको मतभार ७९ हुन्छ। संघीय संसदका ३३१ र प्रदेश सभाका ५५० जनाको नाम उल्लेख छ।

उनीहरुको मतभार ५२ हजार ६ सय २८ छ। त्यसको पचास प्रतिशत मत कटाउने उम्मेदवार निर्वाचित हुन्छन्। त्यसैले निर्वाचित हुनका लागि न्यूनतम २६ हजार ३ सय १५ मत आवश्यक पर्छ।

गठबन्धनको पक्षमा रहेका सांसदहरुको मतभार ३२ हजारभन्दा बढी हुन्छ। चुनावको दिनसम्म यो गठबन्धन नभत्केमा राष्ट्रपतिमा पौडेलको जित निश्चित छ। कांग्रेसको १६ हजार २ सय २१, माओवादीको ७ हजार ७ सय ४५, जसपाको २ हजार १ सय ४५, एकीकृत समाजवादीको २ हजार ५ सय ७४, जनमतको १ हजार २ सय ४२, लोसपाको ९ सय ७१, नाउपाको ८ सय ९२, जनमोर्चाको २ सय ६ र आम जनता पार्टीको ८९ मत छ। स्वतन्त्र सांसदको मतभार ६२४ छ।

नेम्वाङको पक्षमा अहिलेसम्म एमालेको १५ हजार २ सय ३३ मत छ। अनिर्णीत मतभार ४ हजार ३१८ छ। राप्रपा २ हजार ४ सय ५०, रास्वपाको १ हजार ५०१, नेमकिपा २ सय २३, हानेपाको ९६ र संघीय समाजवादी पार्टीको ४८ मत छ।

# होली मौलिक विशेषतायुक्त संस्कृति : प्रदेश प्रमुख शर्मा

मकवानपुर। बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले होली पर्वले राष्ट्रिय एकता कायम राख्न भूमिका निर्वाह गर्ने बताउनुभएको छ। होलीका अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभयो, "बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा विविधतायुक्त हाम्रो देशमा मनाइने यस्ता पर्वले नेपालीबीच सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम राख्न भूमिका निर्वाह गर्दछ।"

होली पर्व हाम्रो मौलिक विशेषतायुक्त संस्कृति भएकाले यसको संरक्षण तथा सम्वर्द्धन गर्नसके राष्ट्रिय गौरवको धरोहर जगेर्ना हुने उहाँले विश्वास व्यक्त, गर्नुभयो। होलीलाई खुसी र सद्भावको पर्वका रुपमा मनाउनुपर्नेमा प्रमुख शर्माको जोड छ।

"फागुलाई आपसी खुसी र सद्भावको पर्वका रुपमा ग्रहण गर्दै अनुशासित ढङ्गबाट हामीले मनाउनुपर्दछ", प्रमुख शर्माले भन्नुभयो। रासस

# होलीले सबै नेपालीमा उमङ्ग थपोस् : मुख्यमन्त्री

कर्णाली। कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले रङको पर्व होलीले समस्त नेपालीमा उमङ्ग थपोस् भन्ने शुभकामना दिनुभएको छ।

मुख्यमन्त्री शर्माले 'फागुपूर्णिमा (होली) पर्व, २०७९' का अवसरमा सोमबार एक सन्देश जारी गर्दै यस अवसरमा देश तथा विदेशमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीमा सुख, शान्ति, स्वास्थ्य र समृद्धिको शुभकामना व्यक्त गर्नुभएको छ।

मानव स्वास्थ्यलाई ध्यान दिइ अनुशासित एवं सभ्य भएर हर्षोल्लाससाथ होली मनाउन सबै नेपालीलाई उहाँले आग्रह गर्नुभएको छ। हिमालदेखि तराईसम्म हर्षभावका साथ मनाइने होलीले हामीबीच भएका असमझदारी र तीक्ततालाई समाप्त पारी सद्भाव कायम गर्न सबैमा प्रेरणा मिल्ने विश्वास उहाँले व्यक्त गर्नुभएको छ।रासस

# राष्ट्रपतिको निर्वाचनका लागि मध्यरातिदेखि प्रचारप्रसार निषेध

काठमाण्डु । निर्वाचन आयोगले यही फागुन २५ मा हुने राष्ट्रपतिको निर्वाचनका लागि सोमबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि कायम रहने जनाएको छ। आयोगे फागुन २२ गते मध्यरातदेखि फागुन २५ गते मतदान केन्द्र बन्द नभएसम्म प्रचारप्रसार निषेधको अवधि कायम रहने जनाएको हो।

निर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले २०७९ फागुन १७ गतेदेखि चैत ५ गतेसम्म कायम रहने गरी निर्वाचन आचारसंहिता, २०७९ जारी गरिएको छ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुने निर्वाचन आचारसंहिता, २०७९ मा व्यवस्था गरिएको छ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, ७३ को दफा २४ को ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन। साथै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध गरिएको छ। आचारसंहिताविपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जित/हारको पूर्वानुमानका सामग्री प्रसारजस्ता कार्य गर्न हुँदैन।

आयोगले मुलुकको सर्वोच्च र गरिमामय पद राष्ट्रपतिको निर्वाचनमा निर्वाचन कानुन र आचारसंहिताको पालना गराई निर्वाचनको स्वच्छता र मर्यादा कायम गर्न आयोगले सम्बन्धित सबैलाई आग्रह गरेको छ।रासस

# अन्तर्घातीलाई किन कारबाही गरेन माओवादीले




**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रको गत असार १३ गते बसेको स्थायी समिति बैठकले स्थानीय तह अन्तर्घात छानबिनका विषयमा टङ्क राईको नेतृत्वमा तीन सदस्यीय कमिटी बनायो। राईको नेतृत्वमा मुक्ति प्रधान र खिमलाल देवकोटा सदस्य रहने गरी तीन सदस्यीय समितिले बन्यो। राई नेतृत्वको तीन सदस्यीय अन्तर्घात समितिले झन्डै २ महिना लगाएर स्थलगत रूपमा अध्ययन गरेर प्रतिवेदन तयार गर्‍यो।

गत भदौ ६ गते अन्तर्घात प्रतिवेदन अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुझाए पनि अहिलेसम्म सार्वजनिक भएको छैन। स्थानीय तह चुनावमा अन्तर्घात गर्ने र बागी उम्मेदवारी दिने कसैलाई कारबाही भएको छैन। अन्तर्घात छानबिन प्रतिवेदन सार्वजनिक नगरेर माओवादीले लुकाएर राखेको छ। चुनावमा अन्तर्घात गर्नेलाई कारबाही नगरिएकाले पार्टीमा अराजकता मच्चिएको नेताहरूले गुनासो गरेका छन्।

यस्तै प्रदेश र प्रतिनिधिसभा चुनावमा अन्तर्घात गर्नेलाई छानबिन समिति बनाएर कारबाही गर्ने अध्यक्ष प्रचण्डले उद्घोष गरेका थिए। तर, अहिलेसम्म अन्तर्घात छानबिन गर्न समिति बाएको छैन। उता चुनावमा बागी उम्मेदवारी दिएर कारबाहीमा परेका र अन्तर्घात गरेको भन्दै कारबाहीमा परेका नेताको कारबाही समेत फिर्ता भएको छैन।

पार्टीमा एकपछि अर्को गर्दै अन्तर्घात गर्नेलाई छानबिन गरी कारबाही नभएको भन्दै नेताहरूले आपत्ति जनाउने गरेका छन्। तर, पार्टी अनुशासन आयोगका अध्यक्ष टङ्क राईले स्थानीय तहसँगै प्रदेश र प्रतिनिधि सभामा अन्तर्घात गरेका नेताका विषयमा आगामी केन्द्रीय समितिमा छलफल हुने बताए।

'अहिले पार्टीको २ महिने अभियान जारी छ। प्रदेश र प्रतिनिधि सभा निर्वाचनको वडा तहदेखि समीक्षा गरेर कसको भूमिका कस्तो रहयो सबै जम्मा गरिने छ। कसले पार्टीलाई सहयोग गर्‍यो कसले असहयोग गर्‍यो निर्णयको कसले अवज्ञा गर्‍यो कसले गरेन भन्ने विषयमा छानबिन हुनेछ' राईले भने, 'वडा तहदेखि तयार परेको प्रतिवेदन पालिकामा पठाइने छ। पालिकाबाट जिल्लामा हुँदै प्रदेशबाट केन्द्रमा पठाइने छ।'

पार्टीको केन्द्रीय समितिमा अन्तर्घातका विषयमा गम्भीर छलफल गरेर निर्णयमा पुगिने राईले बताए। यस्तै सोही केन्द्रीय समितिमा स्थानीय तह चुनावमा अन्तर्घात गरेका विषयमा समेत छलफल हुने बताए। 'हामीले स्थानीय निर्वाचनको अन्तर्घातको विषयमा छानबिन गरेर प्रतिवेदन बुझायौं। लगत्तै प्रदेश र सङ्घको निर्वाचन आइहालेको हुनाले कार्यान्वयनमा लग्न सकेनौं' राईले भने, 'सङ्घ, प्रदेश र स्थानीय तह तीन वटै निर्वाचनको अन्तर्घातका विषयमा छानबिन गरेर कारबाही गर्ने छौं। प्रवृत्तिगत गल्ती र कमजोरी सच्याउने गरी निर्णय लिने छौं।' अन्तर्घातको प्रकृति हेरेर नेताहरूलाई कारबाही गरिने राईले बताए। यदि गल्ती सच्याएर सच्चिने अवस्था भएमा कारबाही नगरिने नेताहरूले बताएका छन्।

# आर्थिक समृद्धि हासिल गर्न एकजुट हुनुपर्छ : अध्यक्ष नेपाल

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा सामाजिक न्यायसहित आर्थिक समृद्धि हासिल गर्ने कार्यदिशामा सबै राजनीतिक दल एकताबद्ध हुनुपर्ने बताउनुभएको छ।

फागु पर्वका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीको सुख, शान्ति, समृद्धि र प्रगतिको कामना गर्दै आर्थिक समृद्धि र राजनीतिक उपलब्धिको रक्षाका लागि एकजुट हुनुपर्ने बताउनुभयो।

मुलुकमा विविध जाति, समुदायका फरक-फरक पर्व र संस्कृतिले राष्ट्रलाई सांस्कृतिक रुपमा सम्पन्न बनाएको उल्लेख गरिएको उहाँले यसको संरक्षणबाट नेपाली समाजलाई एकताबद्ध गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सबै समुदायका चाडपर्वले सम्पूर्ण नेपालीबीच एकापसमा सदभाव कायम गर्ने हुँदा त्यसको महत्व र विशेषतालाई प्रवर्द्धनका लागि उहाँले जोड दिनुभयो। अध्यक्ष नेपालले जनताको सात दशक लामो सङ्घर्षले प्राप्त भएका राजनीतिक प्रणालीविरुद्ध भइरहेका गतिविधिप्रति चनाखो हुनुपर्ने बताउनुभयो। रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल**

### आधिकारिक आपूर्तिकर्ता (विक्रेता) मा सुचिकृत हुन र दररेट पेश गर्ने बारे

**प्रथम पटक सुचना प्रकाशित मिति:–२०७९/११/२३**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान एवं यस अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरधाम तथा अन्य अस्पतालको विभिन्न शाखामा रहेका निम्न अनुसारका मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल तथा किटहरु प्रोपाइप सामानहरु (Close Item) को रुपमा आ.व. २०७९/०८० मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनि आधिकारिक बिक्रेता (प्रोप्राईटरहरु) को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को १ (ग) एवं सार्वजनिक खरिद नियमावली २०६४(एघारौ संशोधन सहित) को नियम ८५ (३) बमोजिम सुचिकृत हुन इच्छुक कम्पनि/फर्महरुले नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ. दर्ता प्रमाणपत्र, सम्बन्धि कम्पनीको एक मात्र आधिकारिक आपूर्तिकर्ता रहेको प्रमाणपत्र,आधिकारिक विक्रेता पत्र, पछिल्लो आ.व. २०७८/२०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आन्तरिक राजस्व विभागमा आय विवरण बुझाएको विवरण सहित उल्लेखित मेशिनमा लाग्ने केमिकल तथा किटहरुको दररेट सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय खुलेको दिन जनकपुरधाम स्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्टोर शाखामा सुचिकृत भई दररेट पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

| S.N. | Name of Equipment & Company |
|---|---|
| 1. | Electrolyte Analyzer (ERBALyte) |
| 2. | Hematology Analyzer 5 Part Yumizen 550 (Horiba) |
| 3. | Fully Automatic Biochemistry BS 240/230 (Mindray) |
| 4. | Electrolyte Analyzer (Horon) |
| 5. | Maglomi CLIA (Aventar Benepsera) |
| 6. | Fully Automatic Biochemistry Analyzer BS480 (Mindray) |
| 7. | Fully Automatic CLIA 900i (Mindray) |
| 8. | Fully Automatic 7 Diff Hematology Analyzer BC–6200 (Mindray) |
| 9. | Control Sera/reagents for S.N. 1 to 8 |
| 10. | Fuji Film X–ray |

Terms and Conditions:- For Laboratory Instrument, bidder should site/mention the unit price or CPT i.e. cost per test (inclusive of all consumable, accessories, calibrator and spare parts) of each tests applicable in above instruments.

उल्लेखित समान आपूर्ति गर्ने एक भन्दा बढी सोही कम्पनीका आधिकारिक विक्रेताद्वारा दररेट पेश हुन आएमा मुल्यांकन गरी कम दररेट कबोल गर्ने आपूर्तिकर्ता सँग सम्झौता गरी समान आपूर्तिको व्यवस्था गरिन्छ। रित पूर्वक पेश हुन नआएको प्रस्ताव उपर कुनै कारबाही गरिने छैन। विस्तृत जानकारीको लागि वेबसाइट https://mihs.edu.np मा हेर्न सकिन्छ। साथै फर्म आंशिक वा पुरा स्वीकृत वा अस्वीकृत अधिकार प्रतिष्ठानमा निहित रहनेछ।

जनकपुर टुडे





दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको छोङ्झाउको दाओमिङ टाउनमा रहेको कोल फूलको खेतमा पर्यटकहरूलाई देखाएको छ। *तस्विर : सिन्ह्वा*

# युएईलाई हराउँदै नेपाल लिग-२ को पाँचौ स्थानमा

**टुडे समाचारदाता**

काठमाण्डु । आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, युएई र पपुवा न्युगिनी (पिएनजी) बीचको त्रिकोणात्मक एकदिवसीय सिरिजको अन्तिम खेलमा नेपालले युएईलाई पराजित गरेको छ।



सोमबार दुबईमा भएको खेलमा नेपालले घरेलु टिम युएईलाई ४२ रनले पराजित गरेको हो। जितसँगै नेपालले लिग-२ को अंक तालिकामा युएईलाई पछि पार्दै पाँचौ स्थानमा उक्लिएको छ भने एकदिवसीय मान्यता लिग-२ बाटै जोगाउने र विश्वकप छनोटमा पुग्ने सम्भावना जीवित नै राखेको छ।

अब नेपालले घरेलु मैदानमा हुने सिरिजका चार मध्ये दुई खेलमा जित हात पारे एकदिवसीय मान्यता जोगाउनेछ भने चारै खेल जिते विश्वकप छनोटमा पुग्नेछ। सोमबार नेपालले दिएको २३० रनको लक्ष्य पछ्याएको युएई ४५ ओभरमा १८७ रनमा अलआउट भयो।

युएईका लागि ओपनिङ ब्याट्सम्यान आसिफ खानले ८२ रन जोडे। ४२ ओभरमा सातौं विकेटको रुपमा खान आउट भएपछि नेपाल जिततर्फ अघि बढेको थियो। उनलाई दिपेन्द्रसिंह ऐरीले आउट गरेका थिए। यस्तै आर्यन लक्राले ५० रन जोड्दा वृत्य अरविन्दले १३ रन बटुले। युएईका अरु ब्याट्सम्यान दोहोरो अंकमा रन जोड्न नपाइ आउट भए। आर्यन र खानबीच दोस्रो विकेटका लागि ९४ रनको साझेदारी हुँदा नेपाल दबाबमा परेको थियो।

बलिङमा नेपालका सोमपाल कामी र दिपेन्द्रसिंह ऐरीले ३-३ विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्दै खराब सुरूआत गरेको नेपालका लागि भीम सार्कीले उत्कृष्ट प्रदर्शन गर्दै नेपाललाई सम्मानजनक स्कोरमा पुर्‍याएका थिए।

नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २२९ रन बनायो। पाँचौं नम्बरमा ब्याटिङ गर्न आएका सार्कीले ९९ बल खेल्दै ७ चौकासहित ७० रन बनाएर आउट भए। उनी ४३ औं ओभरको तेस्रो बलमा रोहन मुस्ताफाको बलमा बोल्ड हुनुअगाडि सन्दीप लामिछानेसँग ५६ रनको साझेदारी गरे भने आरिफ शेखसँग पनि ५६ रनको साझेदारी गरे।

नेपालका लागि कुशल मल्लले ३२, सन्दीप लामिछानेले २७ रन बनाए। यस्तै करण केसीले ११ बलमा १७ रन बनाउँदा ज्ञानेन्द्र मल्ल ११, आरिफ शेख ६, रोहित पौडेल १ र दीपेन्द्र सिंह ऐरीले ४ रन बनाए।

आरिफ शेखले नटआउट ४३ रन बनाउँदा प्रतिश जिसीले नटआउट ११ रन बनाए। बलिङमा युएईका जुनइद सिद्धिकीले ३ विकेट लिए भने रोहान मुस्ताफा र आर्यान लक्राले २-२ विकेट लिए। नेपाल, युएई र पपुवा न्युगिनीबीच अब नेपालमा फागुन २५ देखि लिग-२ को अन्तिम सिरिज हुँदैछ।

लिग-२ को शीर्ष तीन टिम विश्वकप छनोटमा पुग्नेछन्। पुछारका चार टिमले क्वालिफायर प्लेअफ खेल्नु पर्नेछ। यस्तै शीर्ष पाँच टिमको एकदिवसीय मान्यता जोगिनेछ।

लिग-२ मा च्याम्पियन बनेको स्कटल्यान्डले सबै ३६ खेलबाट ५० अंक जोड्दा दोस्रो बनेको ओमानको ४४ अंक छ। स्कटल्यान्ड र ओमान विश्वकप छनोट पुगिसकेका छन्। तेस्रो स्थानको नामिबियाको ३६ खेलबाट ३९ अंक छ भने चौथो स्थानको अमेरिकाको समान खेलबाट ३५ अंक छ।

पाँचौ स्थानको उक्लिएको नेपालले ३२ खेलबाट ३२ अंक जोडेको छ। युएई ३२ खेलबाट ३१ अंक जोड्दै छैटौं स्थानमा झरेको छ। पुछारको पिएनजीको ३२ खेलबाट ९ अंक छ।

अब नेपालले लिग-२ को शीर्ष तीन स्थानमा पुग्न बाँकी रहेका चार खेलबाट जित हात पार्नु पर्दा एकदिवसीय मान्यता जोगाउन २ खेलमा जित निकाल्नु पर्छ।

# आप्रवासी कानुन कडा बनाउँदै बेलाइत

**एएनआई**

लन्डन । बेलाइतका प्रधानमन्त्री ऋषि सुनकले देश प्रवेश गर्ने अवैध आप्रवासीहरूलाई चेतावनी दिदै उनीहरूले शरणका लागि निवेदन दिन नसक्ने बताउनु भएको छ।

बेलाइतले युरोपबाट आफ्नो सिमाना पार गर्ने आप्रवासीहरूको निरन्तर दबाब सामना गरिरहेको बेला प्रधानमन्त्री सुनकले आइतबार यस्तो कडा टिप्पणी गर्नु भएको हो। सुनकको सरकारले यस हप्ताको अन्त्यमा अवैध अध्यागमनलाई कडाइ गर्ने कानुनलाई अगाडि बढाउने अपेक्षा गरिएको फक्स न्युजले उल्लेख गरेको छ।

"अवैध आप्रवासन बेलाइती करदाताहरूका लागि उचित छैन, कानुनी रूपमा यहाँ आउनेहरूका लागि यो उचित छैन र अपराधी गिरोहहरूलाई उनीहरूको अनैतिक गतिविधि जारी राख्न दिनु उचित होइन। म अवैध आप्रवासीका डुङ्गाहरू रोक्ने मेरो वाचा पूरा गर्न कटिबद्ध छु," उहाँले भन्नु भयो।

बेलाइतमा गैरकानुनी आप्रवासीहरूलाई सीमा पार गरेपछि त्यहाँ शरण लिनका लागि दाबी गर्न अनुमति दिने कानुन छ। सामान्यतया, आप्रवासीहरूलाई उनीहरूको मुद्दा चलिरहेको बेलामा बस्न अनुमति दिइन्छ तर नयाँ कानुनले त्यस्ता आप्रवासीहरूलाई शरण दाबी गर्नबाट रोक्ने बताइएको छ।

लामो समयदेखि फ्रान्सबाट जोखिमपूर्ण बाटो भएर बेलाइत पुग्ने शरणार्थीहरूको सङ्ख्या बढ्दै गएको पाइएको छ।

# छात्राहरूलाई लक्षित गरी विषाक्त पदार्थ प्रयोग गर्नेलाई कडा सजाय दिन निर्देशन



**एएफपी**

तेहरान । इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीले हालैका महिनाहरूमा छात्राहरूविरूद्ध विषाक्त पदार्थ प्रयोग गर्नेलाई 'कडा सजाय' दिनुपर्ने बताउनुभएको छ।

इरानका ५२ भन्दा बढी विद्यालयमा गत नोभेम्बरको अन्त्यदेखि अहिलेसम्म ग्यास विषाक्तताका सयौं घटना भएका छन् । महिला विद्यार्थीहरूले ' अप्रिय' वा 'अज्ञात' गन्धपछि सास फेर्न गाह्रो हुने, वाकवाकी लाग्ने र चक्कर लाग्ने जस्ता लक्षणहरू देखा परेको बताएका छन् । यसले आमाबाबुमा डर पैदा गरेको छ। घटनाप्रति चिन्ता व्यक्त गर्दै सर्वोच्च नेता खामेनीले अधिकारीहरूलाई आक्रमणकारी समूहविरूद्ध तत्काल कारबाही गर्न गर्न आग्रह गर्नुभएको छ।

"यदि विषाक्तता प्रमाणित भयो भने, यो अक्षम्य अपराध हुनेछ र अपराधीहरूलाई कडा सजाय दिनुपर्दछ," खामेनीले रहस्यमय विषाक्तताको बारेमा आफ्नो पहिलो सार्वजनिक भनाइमा उल्लेख गर्नुभएको छ । न्यायपालिकाका प्रमुख घोलामहुसेन मोहसेनी एजेईले सोमबार विद्यालयका छात्रालाई विष खुवाएको आरोपमा पक्राउ परेका व्यक्तिलाई 'जन्मभूमिविरूद्धको भ्रष्टाचार' अभियोगमा मुद्दा चलाइने बताएका छन्।

इरानी अधिकारीहरुले अहिलेसम्म कसैलाई पनि पक्राउ गरिएको घोषणा गरेका छैनन् । आइतबाररातिइरानीराष्ट्रपतिइब्राहिम राईसीले विषाक्तताका कारण केही बालिकालाई अस्पताल भर्ना गरिएको घटनाको निन्दा गर्दै इरानका 'शत्रुहरूको नयाँ षडयन्त्र' भएको बताउनु भएको थियो।

उहाँले विद्यार्थी, बालबालिका र उनीहरूका अभिभावकको मनमा डर पैदा गर्ने उद्देश्यले यस्तो कदम चालेको बताउनुभयो । यसैबीच, अधिकारीहरूले कोमन्यूज वेबसाइटका लागि विषाक्त आक्रमणको रिपोर्टिङ गरिरहेका इरानीपत्रकारअलीपोर्तबाटाबेईलाई सोमबार पक्राउ गरेको एतेमाद पत्रिकाले जनाएको छ।

तेहरानको दक्षिणमा रहेको कोम शहरमा गत नोभेम्बरको अन्त्यमा विषाक्तताको पहिलो घटना भएको बताइएको छ। पूर्वी शहर कुचानमा सोमबार दर्जनौं छात्राले 'अप्रिय गन्ध'को महशुस गरेको केहीबेरमा स्वास्थ्य समस्या आएको र उनीहरूलाई अस्पताल लगिएको थियो । आइतबार दक्षिणपश्चिमी प्रान्त खुजेस्तानमा ७०० भन्दा बढी यस्तै घटना भएको इटेमादले जनाएको छ।

गत हप्ता उपस्वास्थ्यमन्त्री युनेस पानाहीले बालिकाको शिक्षाको अधिकारलाई बञ्चित गर्ने उद्देश्यले आक्रमण गरिएको बताउनुभउको थियो।

# दक्षिण कोरियाको विदेशी मुद्रा सञ्चिति फेब्रुअरीमा घट्यो

**सिन्ह्वा**

सोल । दक्षिण कोरियाको विदेशी मुद्रा सञ्चितिमा फेब्रुअरीमा चार महिनायता पहिलो पटक गिरावट आएको केन्द्रीय बैंकको तथ्याङ्कले देखाएको छ।

बैङ्क अफ कोरियाका अनुसार फेब्रुअरीको अन्त्यमा विदेशी मुद्रा सञ्चिति ४२५.२९ अर्ब अमेरिकी डलर रहेको छ जुन अघिल्लो महिनाको तुलनामा ४.६८ अर्ब डलरले कम हो। यो सँगै बलियो डलरले गैर-डलर सम्पत्तिहरूको रूपान्तरण मूल्य घटाएको छ।

देशको विदेशी सञ्चितिमा ३७४ अर्ब ४९ करोड डलर धितोपत्र, २६ अर्ब ७५ करोड निक्षेप, १४ अर्ब ८० करोड डलर विशेष निकासी अधिकार, ४ अर्ब ७९ करोड डलर सुन र ४ अर्ब ४४ करोड डलर आईएमएफ (अन्तरराष्ट्रिय मुद्रा कोष) रहेको छ।

जनवरीको अन्त्यमा दक्षिण कोरिया विश्वको नवौं ठूलो विदेशी मुद्राको भण्डार भएको थियो।

# पाकिस्तानको क्वेटामा आत्मघाती आक्रमणमा परी नौ प्रहरीको मृत्यु, अन्य १६ जना घाइते

**एएफपी**

पाकिस्तान । पाकिस्तानको दक्षिणपश्चिम क्षेत्रमा आत्मघाती आक्रमणमा परी नौ प्रहरी अधिककारिको को मृत्यु भएको छ। घटनामा अन्य १६ जना घाइते भएका छन्।

बलुचिस्तानको क्वेटाबाट करिब १२० किलोमिटर दक्षिणपूर्वमा पर्ने कछी जिल्लाको मुख्य शहर धदार नजिकै भएको उक्त घटनाको तत्काल कसैले जिम्मा लिएको छैन।

सम्पत्तिको ठूलो हिस्साको माग गर्दै लडाकूहरूले वर्षौंदेखि गरेको विद्रोह र पाकिस्तान तालिबान (टीटीपी) को आक्रमणसँग बलुचिस्तानमा पाकिस्तानको सुरक्षा फौजले जुधिरहेको छ।

वरिष्ठ प्रहरी अधिकारी अब्दुल है आमिरले एएफपीसँग भन्नुभयो, "आत्मघाती आक्रमणकारी मोटरसाइकलमा सवार थिए र ट्रकलाई पछाडिबाट ठक्कर दिएका थिए।"

आक्रमणका कारण प्रहरीको ट्रक सडकमै उल्टो पल्टिएको र त्यसको झ्यालहरू फुटेको सामाजिक सञ्जालमार्फत बाहिरिएका तस्वीरहरूमा देखिएको छ।

काछी जिल्लाका प्रहरी प्रमुख महमुद नोटेजाईले एएफपीलाई बताएअनुसार अधिकारीहरू एक हप्ता लामो एक प्रदर्शनीमा सुरक्षाका लागि खटिएका र आक्रमणका समय उनीहरू आफ्नो कार्यालयमा फर्किरहेका थिए।

प्रधानमन्त्री शहबाज सरिफले आफ्नो कार्यालयद्वारा जारी विज्ञप्तिमा भन्नुभएको छ, "बलुचिस्तानमा आतङ्कवाद देशलाई अस्थिर बनाउने घृणित कार्यसूचीको एक हिस्सा हो।"

पाकिस्तानले अतिव्यापी राजनीतिक, आर्थिक र वातावरणीय संकटको सामना गर्नुका साथै बिग्रँदो सुरक्षा स्थितिको सामना गरिरहेको छ।

सन् २०२१ को अगष्टमा अफगान तालिबानले काबुल कब्जा गरेयता पाकिस्तानमा आक्रमणका घटनाबढ्दै गएका छन्, जसले सीमाक्षेत्रमा रहेका लडाकू समूहलाई बढावा दिइरहेको छ।

गत महिना टीटीपीको आत्मघाती टोलीले कराँचीको बन्दरगाह शहरस्थित प्रहरी परिसरमा आक्रमण गर्दा पाँच जनाको मृत्यु भएको थियो। उत्तरपश्चिमी शहर पेशावरको एक प्रहरी मस्जिदमा भएको बम विस्फोटमा ८० भन्दा बढी अधिकारीको मृत्यु भएको केही हप्तापछि यो घटना भएको हो।

इस्लामाबादको सेन्टर फर रिसर्च एन्ड सेक्युरिटी स्टडिजका विश्लेषक इम्तियाज गुलले भन्नुभयो, "फरक विचारधारात्मक, जातीय र राजनीतिक दृष्टिकोणका बावजुद सबै (लडाकू समूह) एउटै उद्देश्यमा बाँधिएका छन् र उनीहरूको उद्देश्य सुरक्षा बलमाथि प्रहार गर्नु र पाकिस्तानमा डर र अनिश्चितताको भावना जगाउनु रहेको छ।"

अफगानिस्तान र इरान दुवैसँग सीमा जोडिएको बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो, कम जनसङ्ख्या भएको र गरिब प्रान्त हो। प्रचुर मात्रामा प्राकृतिक स्रोत साधन भएको यो सहरमा लामो समयदेखि स्थानीयले आफ्नो सम्पत्तिको उचित हिस्सा नपाएको भन्दै आक्रोश व्यक्त गर्दै आएका छन्।

## जोर्डनका नरेशको आग्रह

**सिन्ह्वा**

अम्मान। जोर्डनका नरेश अब्दुल्लाह द्वितीयले प्यालेस्टाइनी क्षेत्रहरुमा शान्त रहन आग्रह गर्नुभएको छ। उहाँले आइतबार सो आग्रह गर्नुभएको हो। उहाँले प्यालेस्टाइनी क्षेत्रका नागरिकलाई शान्त र संयमित रहन आग्रह गर्नुभएको नरेश अब्दुल्लाह द्वितीयको सचिवालयको विज्ञप्तिमा जनाइएको छ।

यस क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्नुपर्नेमा जोड दिँदै यसका लागि सबै नागरिक शान्त र संयमित रुपमा रहनुपर्नेमा जोड दिइएको थियो।उहाँले अम्मानमा संयुक्त राज्य अमेरिकाका रक्षामन्त्री लियोड अस्टिनसँगको भेटका क्रममा सो आग्रह गर्नुभएको सो समाचारमा जनाइएको छ।

सो भेटका क्रममा उहाँले इजरायल र प्यालेस्टाइनका बीचको समस्या समाधानका लागि मार्ग तय गर्न पनि अमेरिकी रक्षामन्त्रीलाई आग्रह गर्नुभएको थियो।दुवै तर्फको सहमति र सहकार्यमा शान्तिपूर्ण माध्यमबाट इजरायल प्यालेस्टाइनी समस्याको समाधान गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो।

# हाफ म्याराथनका विजेताले एक लाख पाउने

पाटन। ललितपुरको गोदावरी नगरपालिकाको छैटौं स्थापना दिवसको अवसरमा यही फागुन २७ शनिबार हाफ म्याराथन र अन्तरविद्यालय दौड प्रतियोगिता आयोजना हुने भएको छ।

नगरप्रमुख गजेन्द्र महर्जनले २१ किमी खुला च्याम्पियन हाफ म्याराथन र १० किमी अन्तरविद्यालय दौड प्रतियोगिता हुने जानकारी दिनुभयो। कूल २१ किमी खुला च्याम्पियन हाफ म्याराथनमा प्रथम हुनेले रु एक लाख पुरस्कार हात पार्नेछन्।

त्यस्तै दोस्रो हुनेले रु ७५ हजार, तेस्रो हुनेले रु ५० हजार प्राप्त गर्नेछन्। साथै, चौथो हुनेले रु ३० हजार, पाँचौं हुनेले रु २५ हजार, छैटौंले रु १५ हजार, सातौंले रु १० हजार पुरस्कार प्राप्त गर्नेछन्।

हाफ म्याराथन गोदावरी नगरपालिकाबाट सुरु भइ झरुवारासी पोखरीचौर-बडिखेल चोक-टौखेलचोक-गोदावरीबसपार्क-विशङ्खुनारायण- वडा नं २ कार्यालय-बाँडेगाउँ प्रहरी प्रभाग-भट्टराई आश्रम- वडा नं १३ कार्यालय-भलि पुचः पार्टी प्यालेस-ठेचो बुद्ध पोखरी भएर चापागाउँ प्रहरीचौकी हुँदै गोदावरी नगरपालिका परिसर पुगेर सम्पन्न हुनेछ।

त्यस्तै १० किमी अन्तरविद्यालय दौड प्रतियोगितामा प्रथम हुनेले नगर रु ३५ हजार पुरस्कार हात पार्नेछन्। त्यस्तै दोस्रोले रु ३० हजार, तेस्रोले रु २५ हजार, चौथोले रु २० हजार, पाँचौंले रु १५ हजार, छैटौंले रु १० हजार, सातौंले रु पाँच हजार पुरस्कार प्राप्त गर्नेछन्।

अन्तरविद्यालय दौड प्रतियोगिता गोदावरी नगरपालिकाबाट सुरु भएर बडिखेल चोक-टौखेल चोक-भट्टराई आश्रम-वडा नं १३ कार्यालय-भलिपुचःपार्टीप्यालेस-ठेचो बुद्ध पोखरी भएर चापागाउँ प्रहरीचौकीबाट चापागाउँ ट्याक्सी पार्क हुँदै गोदावरी नगरपालिका परिसर पुगेर सम्पन्न हुनेछ।

हाफ म्याराथन प्रतियोगितामा भाग लिन चाहानेले रु सात सय र अन्तरविद्यालय दौड प्रतियोगितामा भाग लिन चाहानेले पाँच सय दर्ता शुल्क तिरेर यही फागुन २२ गतेसम्म नगरपालिकाको प्रशासन शाखामा दर्ता गरिसक्नुपर्ने जनाइएको छ।

नगरप्रमुख महर्जनले परिणामका लागि काम हुनुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै नागरिकको आवश्यकतालाई प्राथामिकतामा राखेर काम गर्दै छ वर्ष पूरा भएको बताउनुभयो। "मेरो दोस्रो कार्यकालको पहिलो आर्थिक वर्षमा हामीले शिक्षा र स्वास्थ्य, खेलकुद र पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेका छौँ", उहाँले भन्नुभयो, "शैक्षिक बेरोजगारको व्यवस्थापनसहित सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि हामीले स्वयंसेवक शिक्षकको व्यवस्था गरेका छौं।"रासस

# यमनमा पोलियो विरुद्धको खोप अभियान सुरु

**सिन्ह्वा**

आडेन। यमनको युद्धग्रस्त क्षेत्रमा पछिल्ला केही समययता पोलियो रोगको समस्या देखिएकाले यहाँको सरकारले यसका विरुद्धमा पोलियो खोप अभियान सुरु गरेको छ।

यमन सरकारले युद्धग्रस्त क्षेत्रहरुमा देखिएको पोलियोको प्रकोप नियन्त्रणका लागि सो अभियान राष्ट्रव्यापी रुपमा नै सञ्चालनमा ल्याएको बताइएको छ।

यो अभियान यहाँको आडेन क्षेत्रका १२ लाख भन्दा बढी बालबालिकालाई लक्षित गरिएको बताइएको छ । सो क्षेत्रका पाँच वर्ष मुनिका ती बालबालिकालाई पहिलो चरणमा यो अभियानमार्फत् पोलियोको खोप लगाइने छ।

आडेन यहाँको बढी द्वन्द्व चर्किएको क्षेत्र हो । यस क्षेत्रका पनि गाउँ गाउँमा स्वास्थ्य संरचना एवं औषधिको अभावमा पोलियोको असर देखिएको र यो फैलिन सक्ने अवस्था पनि रहने भएकाले त्यसलाई मध्यनजर गर्दै पोलियो विरुद्धको खोप अभियान सञ्चालन गरिएको बताइएको छ।

साउदी अरेबियाको सहयोग रहेको यमनको सरकारले अहिले यहाँका १२ ओटा प्रान्तमा यो अभियान सञ्चालन गरिरहेको र यसका लगि सयौं स्वास्थ्य कार्यकर्ता खटाइएको छ।

ती स्वास्थ्यकर्मीहरुले आडेन सहर र यसको वरपरका क्षेत्र र ग्रामीण क्षेत्रहरुमा घर घरमा पुगेर बालबालिकालाई पोलियोविरुद्धको खोप लगाउने गरेका छन्।



पर्यटकीयस्थल पोखराको लेकसाइडमा होलीकोको रङ्गमा रमाउँदै विदेशी पर्यटक। तस्विरः रासस

# विश्वका १३० देशसँग व्यापारमा नेपाललाई घाटा

**टुडे समाचारदाता**

काठमाण्डु। नेपालले बर्सेनि वैदेशिक व्यापारमा ठूलो घाटा बेहोर्दै आइरहेको छ। चालु आर्थिक वर्षको ७ महिनाको अवधिमा समेत नेपालले ठूलो व्यापार घाटा ब्यहोरिसकेको छ। यस अवधिमा भएको वैदेशिक व्यापारमा नेपालले ८ खर्ब २५ अर्ब ७३ करोड रुपैयाँ घाटा बेहोरेको छ। ७ महिनामा नेपालबाट ९३ अर्ब रुपैयाँको निर्यात हुँदा विदेशबाट ९ खर्ब १९ अर्ब रुपैयाँ बराबरकोमात्र आयात भएको छ।

नेपालले वैदेशिक व्यापार गर्ने अधिकांश साझेदार मुलुकसँग नेपालको व्यापार घाटा छ। भन्सार विभागका अनुसार ७ महिनाको अवधिमा नेपालले विश्वका १५४ वटा मुलुकसँग व्यापार गरेको छ। यीमध्ये १३१ वटा देशसँगको व्यापार नेपालको पक्षमा नभई ती साझेदार मुलुकहरूको पक्षमा देखिएको छ। अर्थात्, १३१ वटा देशसँग नेपालको व्यापार घाटामा छ।

बाँकी ३३ देशसँगको व्यापारमा भने नेपालले नाफा गर्दै आइरहेको छ। तर, ती मुलुकसँगको व्यापार नाफा पनि न्यून मात्रामा छ। खासगरी, नेपालतर्फबाट निर्यातका लागि आवश्यक वस्तु पर्याप्त मात्रामा नहुँदा र निर्यात बढाउन सरकारले बनाएका योजना प्रभावकारी नबन्दा समस्या भइरहेको हो।

सरकारले निर्यात प्रवर्द्धन गर्ने लक्ष्यसहित धेरै योजना बनाएको छ। तीमध्ये नेपाल व्यापार एकीकृत रणनीति (एनटीआईएस) समेत सञ्चालनमा ल्याइएको छ। तर, यो रणनीतिमा समेटिएका वस्तुको निर्यात बढ्नुको साटो घटिरहेको छ।

नेपालले निर्यात वृद्धिका लागि बनाएका योजनाहरू प्रभावकारी रूपले लागू हुन नसक्दा र आयात नियन्त्रण गर्ने ठोस योजना नहुँदा




निरन्तर आयात बढ्ने र निर्यात घट्नेक्रम चलिरहेको छ। नेपाल निर्यात परिषद्का अध्यक्ष रेशम पोखरेल सरकारको ध्यान निर्यातमुखी अर्थतन्त्रमा नहुँदा सबैजसो देशसँग व्यापार घाटा बेहोर्नुपरेको बताउँछन्।

'हामी आयातमुखी अर्थतन्त्रमा निर्भर छौँ। आयात घट्नासाथ कर्मचारीलाई तलब खुवाउने रकमसमेत हुँदैन,' पोखरेल भन्छन्, 'तर, निर्यात बढाउने विषयमा सरकारको ध्यान नै छैन।'

यस्तै, स्वदेशमा सञ्चालित उत्पादनमूलक उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थको सहज उपलब्धता नहुनु लगायतका विषयले समेत निर्यात प्रभावित बनाउँछ। निर्यात नै नभई आयात मात्र भएपछि व्यापार घाटा बढ्छ। नेपालको कुल व्यापारको करिब ७० प्रतिशतभन्दा धेरै हिस्सा भारत र चीनको व्यापारले ओगट्छ। यी मुलुकबाट बर्सेनि उच्च मात्रामा आयात हुन्छ र निर्यात न्यून हुन्छ। 'सुक्खा बन्दरगाहसम्म आइपुगेको रेल पनि यताबाट जाँदा खाली हुन्छ,' पोखरेल भन्छन्।

नेपालले व्यापार घाटा बेहोरेका मुलुकमध्ये भारतसँगै सबैभन्दा धेरै घाटा हुन्छ। ७ महिनाको अवधिमा भारतसँगको व्यापार घाटा ५ खर्ब ४ अर्ब ७४ करोड रुपैयाँ बराबर छ। जबकि, नेपालको कुल व्यापार घाटा नै ९ खर्ब १९ अर्ब रुपैयाँ छ। यस आधारमा कूल व्यापार घाटाको करिब ६० प्रतिशत हिस्सा नै भारतले ओगट्दै आएको छ। यसपछि, चीनसँग १ खर्ब २४ अर्ब ६२ करोड रुपैयाँ व्यापार घाटा छ। यो नेपालले बेहोर्दै आएको दोस्रो धेरै घाटा हो।

विश्वभरका १५४ वटा मुलुकसँगको व्यापारमा जम्मा ३३ वटा मुलुकसँगको व्यापारमा मात्रै नाफा हुने गरेको विभागले जनाएको छ। त्यसमध्ये, मध्य/दक्षिण एसियाली मुलुक अफगानिस्तान, अल्जेरिया, अंगोला, अस्ट्रिया, अजरबैजान, बोलिभिया र बोस्निया एण्ड हर्जगोभिना छन्। यस्तै, चाड, कंगो, क्रोएशिया, डेनमार्क, ग्वाडेलोप र आइसल्याण्डसँगको व्यापार समेत नाफामा छ।

किर्गिस्तान, लाट्भिया, माल्दिभ्स, माली, माल्टा, मौरिसियस, मोनाको, मोरोक्को, न्यून क्यालोडोनिया, नर्वे, रोमानिया, रवान्डा, सेन्ट लुसिया, ट्रिनिडाड एण्ड टोबागो, अमेरिका, उरुग्वे, जाम्बिया र जिम्बाबेसँग पनि नेपालको व्यापार नाफामा छ। व्यापार घाटा रहेका मुलुकको सूची लामो भएकाले व्यापार नाफा रहेका देशको सूचीमात्रै समेटिएको हो। व्यापारविद् रविशंकर सैजु नेपालबाट विदेशतर्फ बेच्ने वस्तु नै नहुँदा निरन्तर व्यापार घाटा चुलिइरहेको बताउँछन्।

'नेपालमा उत्पादनमूलक उद्योग नहुँदा र भएका उद्योगलाई आवश्यक कच्चा पदार्थ नहुँदा निर्यात बढ्न सकेको छैन,' सैजु भन्छन्, 'निर्यात नै नभएपछि व्यापार घाटा घट्दैन।' खासगरी, नेपाल सरकारले निर्यात वृद्धि गर्ने र स्वदेशी उत्पादनमूलक उद्योगहरूको प्रवर्द्धनमा जोड दिएकै छैन। यही कारण पनि निर्यात बढ्न नसकेको सैजुको भनाइ छ।

### बैंकको लगानी

# प्राथमिकता प्राप्त क्षेत्रमा २८ प्रतिशत मात्रै

**टुडे समाचारदाता**

काठमाण्डु। बैंक तथा वित्तीय संस्थाहरुलाई जारी निर्देशनअनुसार २०८० असार मसान्तसम्म वाणिज्य बैंकले कुल कर्जा लगानीको कम्तिमा ४० प्रतिशत लगानी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था छ।

किटान गरिएको कृषि, उर्जा तथा जलस्रोत र साना तथा मझौला उद्योगका क्षेत्रमा बैंकले कुल कर्जा लगानीको कम्तिमा ४० प्रतिशत लगानी गर्नुपर्छ। तर, २०७९ पुस मसान्तसम्म २२ वटा वाणिज्य बैंकको यस्तो प्राथमिकता प्राप्त क्षेत्रको लगानी जम्मा २८.८८ प्रतिशत पुगेको छ।

केन्द्रीय बैंकले अडिट गरेको छ महिनाको रिपोर्टअनुसार २२ वटा वाणिज्य बैंकले कूल ८२ खर्ब ७६ अर्ब ३३ करोड ४० लाख रुपैयाँ कर्जा लगानी गर्दै गर्दा प्राथमिकता प्राप्त क्षेत्रमा १२ खर्ब ३५ अर्ब ५० लाख रुपैयाँ बराबरको मात्र लगानी भएको हो।

यस्तो लगानी कृषि क्षेत्रमा अधिकतम १३.०९ प्रतिशतले भएको छ भने उर्जा तथा जलस्रोलको क्षेत्रमा जम्मा ६.२९ प्रतिशत र साना तथा मझौला उद्यम व्यवसायको क्षेत्रमा सरदर ९.५१ प्रतिशत लगानी भएको छ।

केन्द्रीय बैंकको व्यवस्थाअनुसार




वाणिज्य बैंकहरुले २०८० असार मसान्तसम्ममा कूल प्रवाहित कर्जाको १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था छ।

यसै गरी, उर्जा क्षेत्रमा सन् २०८१ सम्ममा न्यूनतम १० प्रतिशत लगानी गर्नुपर्ने छ भने लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा १५ प्रतिशत, (१ करोड रुपैयाँभन्दा कम रकमका कर्जा) प्रवाह गर्नुपर्ने व्यवस्था छ।

**तोकिएको क्षेत्रमा कुन बैंकको कति कर्जा लगानी ?**

राष्ट्र बैंकले अडिटपछि सार्वजनिक गरेको तथ्याङ्कअनुसार ५ वटा वाणिज्य बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा प्रभावित कर्जाको हिस्सा ३० प्रतिशत माथि गरेको देखिन्छ। सरकारी स्वामित्वका कृषि विकास र राष्ट्रिय वाणिज्य दुईवटा बैंकले कूल कर्जा लगानीको क्रमशः ५७.५० प्रतिशत र ३६.९८ प्रतिशत कर्जा तोकिएको क्षेत्रमा गरेका छन्। पुस मसान्तसम्म यी बैंकले क्रमशः कूल १ खर्ब ७९ अर्ब ७२ करोड ७० लाख र २ खर्ब ३५ अर्ब ५३ करोड रुपैयाँ कर्जा लगानी गरेका छन्। जसमध्ये कृषिको क्षेत्रमा कृषि विकास बैंकले सबैभन्दा बढी २८.३५ प्रतिशत लगानी गरेको छ।

यस्तै, प्राथमिकताप्राप्त क्षेत्रमा कुल लगानीको ३१.८४ प्रतिशत लगानी गरेको एसबीआई बैंकले कृषि क्षेत्रमा १७.९१ प्रतिशत, उर्जा तथा जलस्रोतको क्षेत्रमा ६.६० प्रतिशत र साना तथा मझौला व्यवसायको क्षेत्रमा ७.३३ प्रतिशत कर्जा लगानी गरेको छ।

३०.९१ प्रतिशत तोकिएको क्षेत्रमा कर्जा प्रवाह गरेको कुमारी बैंकले कृषिमा ११.५६ प्रतिशत, उर्जा तथा जलस्रोतको क्षेत्रमा ६.६९ प्रतिशत र साना तथा मझौला व्यवसायका क्षेत्रमा १२.६६ प्रतिशत कर्जा लगानी गरेको छ।

यस्तै सिटिजन्स् बैंकले कूल कर्जाको १२.७९ प्रतिशत कृषि क्षेत्रमा लगानी गरेकोमा ६.९७ प्रतिशत उर्जाको क्षेत्रमा र ११.०७ प्रतिशत साना तथा मझौला व्यवसायको क्षेत्रमा लगानी गरेको छ।

यस्तै, सनराइज बैंक र एनएमबी बैंकले क्रमशः ३२.४४ प्रतिशत र ३२.९० प्रतिशत कर्जा प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरेकोमा कृषितर्फ १३.०७ प्रतिशत र १२.७४ प्रतिशत, उर्जाको क्षेत्रमा ८.१० प्रतिशत र ८.९४ प्रतिशत, साना तथा मझौला व्यवसायको क्षेत्रमा ११.२७ प्रतिशत र ११.२२ प्रतिशत कर्जा लगानी गरेका छन्।

अन्य १७ वटा वाणिज्य बैंकहरुले भने यस्तो प्राथमिकता प्राप्त (तोकिएको क्षेत्रमा) ३० प्रतिशत तल कर्जा लगानी गरेका छन्। सँगै बैंकहरुको खराब कर्जाको दर (एनपीएल) समेत बढेर २.४९ प्रतिशत पुगेको छ।

# चैते धानखेती घट्दै

उदयपुर। उदयपुरको पूर्वी मध्य तथा पश्चिमी पहाडी क्षेत्रमा फागुन महिनाको पहिलो हप्तामा लगाइने चैते धानखेतीमा यसपटक खडेरीले कमी आउने भएको छ।

हिउँदमा एकपटक पनि वर्षा नभएका कारण चैते धान खेतीमा कमी आएको हो। रौतामाई गाउँपालिकाको भुटार, पोखरी, आपटार, मुर्कुची, पुवाँरे क्षेत्रका खोलानालामा पानी सुकेकाले चैते धान रोपाइँमा प्रभाव परेको मुर्कुचीका कृषक दिलबहादुर रिखाम मगर बताउनुहुन्छ।

कटारी नगरपालिकाको रिस्कु, सोमबारे तथा मरुवा क्षेत्रमा पनि चैते धानखेती घटेको कटारी रिस्कुका दमन दनुवारले बताउनुभयो।

रिस्कु क्षेत्रका साना खोलानालामा खडेरीले पानीको स्रोत नै सुक्दै जान थालेकाले धान रोप्ने काम नै गर्न नसकेको दनुवारले बताउनुभयो। उदयपुरगढी गाउँपालिकाको दनुवार बैंसी, बर्रे, भलायाडाँडा कालीखोला क्षेत्रमा भने मुश्कीलले यसपटक चैते धानखेती गरेको बर्रेका हीराबहादुर अधिकारीले बताउनुभयो।

लिम्चुङबुङ गाउँपालिकाको जाँते, बासबोटे, ताम्लीछा र छताङ क्षेत्रका खेतमा पनि सिमसार क्षेत्र र खोलाका पानी सुक्दै जान थालेपछि थोरै कृषकले मात्र चैते धानखेती गरेको जाँतेका बृध्वज बुढाथोकीले बताउनुभयो।

जिल्लाको त्रियुगा नगरपालिकाको साउने, खाँबु र चिलाउने क्षेत्रमा पनि गत वर्षजस्तो अधिकांश खेतमा चैते धानखेती गर्न नसकिएको खाँबुका कृषक देवराज तिमसिना बताउनुहुन्छ।

जिल्ला कृषि ज्ञानकेन्द्र उदयपुरका अनुसार उदयपुर जिल्लामा बर्सेनी एक हजार पाँच सय हेक्टर क्षेत्रफलमा चैते धानको खेती हुँदै आएको छ। खडेरीले पानीको स्रोत घट्दा चैते धानखेती गर्न समस्या भएको हुनसक्ने कृषि ज्ञानकेन्द्र उदयपुरका अधिकृत तथा सूचना अधिकारी महेश चौधरीले बताउनुभयो।

ज्ञानकेन्द्रका अनुसार २०६० सालभन्दा पहिला उदयपुरमा दुई हजार हेक्टर क्षेत्रफलमा उक्त धानखेती हुन्थ्यो। गाउँघरका युवाहरुले गाउँ छाड्ने, विदेश पलायन हुने, गाउँमा जनशक्ति अभाव तथा खडेरीले विगतको तुलनामा धानखेती कम हुँदै गएको जनाइएको छ। रासस

# कालिका मन्दिर-भकुण्डे केबलकार बनाउन सम्भाव्यता अध्ययन

गलकोट। बागलुङको कालिका मन्दिरदेखि भकुण्डेसम्म केबलकार निर्माणको योजना अघि सारिएको छ। बागलुङमा यसअघि बागलुङ नगरपालिका-४ कुडुलेस्थित दाबगरादेखि पञ्चकोटसम्म केबलकार लैजाने योजनाअघि सारिएको भए पनि स्थानीयको विरोधपछि योजना अघि बढेको थिएन।

अहिले बागलुङ पर्यटन विकास समिति तथा पर्यटन अभियान्ताको पहलमा केबलकार निर्माणको सम्भाव्यता अध्ययन सुरु गरिएको हो।

केबलकार सञ्चालनका लागि विस्तृत अध्ययन प्रतिवेदन डिपिआर तयार पार्नका लागि प्रारम्भिक अध्ययन थालिएको छ। कालिका मन्दिर आउने भकुण्डेसम्म लैजाने र नजिकै रहेको भैरवस्थान मन्दिरको समेत दर्शन गराउने उद्देश्यले केबलकारको अवधारण ल्याइएको बागलुङ पर्यटन विकास समितिका सचिव अर्जुन चोखालले बताए।

'हामी प्रारम्भिक अध्ययनमै छौँ, अहिले प्राविधिकले पहिलो पटक यस स्थानको सर्वे गर्नुभएको छ, धेरै हिसाबले कालिका मन्दिर नजिकैबाट भकुण्डेसम्म केबलकार निर्माण गर्न सहज देखिएको छ, जुन अध्ययनले देखाएको प्राविधिकले जनाउनुभएको छ', उनले भने। लामो पुल हेर्ने, कालिका मन्दिर दर्शन गर्ने र बागलुङ बजार घुम्न आएका पर्यटकलाई भकुण्डे पुऱ्याउने र भकुण्डेलाई एउटा सांस्कृतिक गाउँका रुपमा विकास गर्न सके केबलकार चल्ने सक्ने उनको भनाइ छ। यसका लागि बागलुङ नगरपालिकाले पहल तथा स्थानीय उद्यमीले साझेदारीमा गर्नुपर्ने उनले बताए।

केबलकार निर्माणका लागि भकुण्डेका स्थानीय, बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समिति, बागलुङ नगरपालिका तथा पर्यटन व्यवसायीसँग पहिलो चरणमा छलफल सकारात्मक भएको अभियान्ता तथा कालिका मन्दिर तथा भकुण्डे केबलकारको अबधारणा ल्याउने कृष्ण केसीले बताए। स्थानीय पालिकाको समन्वयमा केबलकार निर्माण गर्नसके बागलुङको पर्यटन विकासमा ठूलो टेवा पुग्ने उनले बताए।

भकुण्डे गाउँ घरबासका दृष्टिले चर्चित गाउँ हो जहाँ जिल्लाकै पहिलो घरबास अतिथि सत्कार घरबास स्थापना गरिएको थियो। भकुण्डे गाउँको बराह ताल, हीरा ताल, मुलाबारी भ्यू टावर, सास्कृतिक सङ्ग्रहालय र यहाँको घरबासमा पाइने स्थानीय परिकारको स्वादका कारण यहाँ पुग्ने पर्यटकको संख्या बढ्दो भएकाले केबलकारको अवधारणा ल्याइएको छ। 'हामीले हालै प्रारम्भिक अध्ययन गरेका छौँ, कालिका मन्दिरदेखि भकुण्डेसम्म केबलकार सञ्चालन गर्न सकिने देखियो, लगानीसमेत निजी क्षेत्रले उठाउँछ, सुरुमा स्थानीय पालिकाले समझदारी गर्न पऱ्यो', उनले भने।

केबलकार निर्माणमा तत्काल डिपिआर बनाएर प्रक्रिया अगाडि बढाउन बागलुङ नगरपालिकाले तगारुकता देखाएको भन्दै उनले भकुण्डेमा पर्यटकीय विकास गर्न चालु आर्थिक वर्षमा रू २० लाख बजेट विनियोजन भएको बताए। कालिका मन्दिरदेखि भकुण्डेसम्म केबलकार सञ्चालनका लागि प्राविधिक हिसाबले सफल देखिएको केबलकार नेपालका अध्यक्ष तथा इन्जिनियर गुणराज ढकालको भनाइ छ।रासस

# 'स्वदेशी हस्तकला सामानको प्रयोग गरौँ'

पोखरा। 'स्वदेशी हस्तकला सामानको प्रयोग गरौँ, स्वरोजगार सिर्जना गरौँ, वातावरण जोगाऔँ' भन्ने नाराका साथ हस्तकला मेला आयोजना हुने भएको छ।

महिला सीप विकास संस्थाद्वारा यही फागुन २४ गते अन्तराष्ट्रिय नारी दिवसका अवसरमा पोखरा सभागृहमा सो मेला आयोजना हुन लागेको हो।

संस्थाका अध्यक्ष देवी गुरुङले आफ्नो संस्थालेहस्तकलाका माध्यमबाट महिला सशक्तिकरणमा विशेष योगदान पुऱ्याउँदै आएको बताउनुभयो।उहाँका अनुसार उक्त प्रदर्शनी मेलामा संस्थाबाट उत्पादिन विभिन्न सामग्री राखिने छन्।

सो संस्थाले हालसम्म करिब २१ हजार महिलालाई तालिम प्रदान गरिसकेको र हाल तीन सय ५० महिला उद्यमी आवद्ध रहेको कार्यकारी निर्देशक रामकली खड्काले जानकारी दिनुभयो।

विसं २०३२ मा स्थापना भएको सो संस्थाले विशेष गरी आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, एकल र द्वन्द्वपीडित महिलालाई सीपमूलक तालिम प्रदान गर्दै स्वरोजगार बनाउँदै आएको छ। संस्थाले विभिन्न सङ्घ संस्थासँग सहकार्य गर्दै तालिम र आयमूलक कार्यक्रमलाई जोड दिँदै आएको उहाँले बताउनुभयो।

संस्थाको पोखरा ८ सिमलचौरमा करिब तीन रोपनी भाडाको जग्गामा मुख्य कार्यालय सञ्चालित छ। भने पोखरा १३ बाँझापाटन, पोखरा १९ माथिल्लो लामाचौर, पोखरा २७ रिठेपानि र पोखरा ३० गगनगौडामा फिल्ड कार्यालय सञ्चालित रहेका छन्।

निर्देशक खड्का अनुसार संस्थाले काँचो धागो खरिद गरी आफै 'नेचुरल तथा केमिकल डाइङ' गरी सिकाइ हाते तान बुनाइ पश्चात विभिन्न प्रकारको झोला, पर्स, गुडिया र घर कोठा सजावटका सामान उत्पादन गर्दछ। स्थानीय कच्चापदार्थ, अल्लो, मकैको खोष्टाबाट फूल, गुडिया लगायतका अनेकौँ सामान उत्पादन गर्दछ। उत्पादनको ८० प्रतिशत विदेशी बजारमा निर्यात गर्दछ भने २० प्रतिशत सामान पोखरा तथा पर्यटकीय क्षेत्रमा विभिन्न सोरुमबाट बिक्रीवितरण हुने गरेको छ।

संस्थाले हस्तकला सामान निर्यात गरी विदेशी मुद्रा भित्र्याइ देशको अर्थतन्त्रमा योगदान पुऱ्याएको निर्देशक खड्काले बताउनुभयो। संस्थाका उत्पादन खासगरी अमेरिका, जर्मनी, इटली, कोरिया, क्यानडा, अष्ट्रेलिया, जापानलगायत विभिन्न देशमा अधिक निर्यात हुने गरेको र संस्थालाई सरकार तथा अन्य विदेशी सङ्घ संस्थाबाट कुनै प्रकारका सहयोग प्राप्त नभएको उहाँको भनाइ छ।

विगतमा यस संस्थामा विभिन्न अन्तर्राष्ट्रिय निकाय भीएसओ, पीआईईसिई, सिओआरई, कोइका, जाइका र सिईसीआइका स्वयंसेवकले सेवा प्रदान गरेका छन्। संस्थाले आफ्नो शाखा कार्यालय पोखरा २७ मा शिशु स्याहार केन्द्र पनि सञ्चालन गरेको छ।

संस्थामा आवद्ध महिलाका छोराछोरीलाई शिक्षा सोमबार्रनका लागि समय समयमा नगद तथा जिन्सी, छात्रवृत्ति प्रदान गर्दै प्रोत्साहन गर्ने गरिएको छ। साथै महिलालाई स्वास्थ्यसम्बन्धी विभिन्न प्रकारका चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको छ।रासस


## निक्षेप रकम उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

सिराहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. २ घर भई हाल सिराहा जिल्ला, सुखिपुर न.पा. वडा नं. ८ बस्ने श्री राम अधिन मल्लिकको नाती श्री केशवर मल्लिकको छोरा श्री मिथिलेस कुमार मल्लिकको मिति २०७९/०९/१२ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४००००४७९ मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतककी पत्नी श्रीमती गुना कुमारी कर्णले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दाबी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१



## भुमिसुधार तथा मालपोत कार्यालय, धनुषाको
## हकदाबि सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा, शहिद नगरपालिका वडा नं. १ साबिक बालाबाखर गा.वि.स. वडा नं. ७ मा बस्ने ठकाई यादवको छोरी मुंगाई यादवको बुहारी बलदेव यादवको पत्नी रानीवती देवी यादवको आफ्नै कालगतिले मिति २०७१/१०/२३ गते मृत्यु भै र निज मृतकका पति बलदेव यादवको मिति २०३० सालमा मृत्यु भएको निज मृतक रानीबती देवी यादवको नाउँमा जग्गा धनि श्रेस्ता कायम रहेको जग्गा निज मृतकहरुका शेषपछीका अपुलातिका हक खाने नजिकका हकदार निज मृतक रानीबती देवी यादवका छोरी मन्चुन कुमारी देवी-१ मात्र रहेको र सो बाहेक अरु कोही हकदावी गर्ने अविवाहित छोरा छोरीको जायजन्म नभएको निजको मृतक जग्गाधनी रानी वती देवी यादवको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा सबभन्दा नजिकको हकदार भएकोले एकलौटी नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसारको शहिदनगर नगरपालिका १ नं. वडा कार्यालयको च.नं. २३१ मिति २०७९/०५/०२ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यी निवेदक बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकहरुको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई दाबी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दाबी उजुरी नपरी म्याद समाप्त भएपछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९ (१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचनाद्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | सिट नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|---|
| धनुषा | लवटोली | ९ | ९ ख | ३६८ | ०-२-०-० |

# नोट सटही गर्ने नौ जना पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले नोट सटही गर्ने आरोपमा नौ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीले सोमबार पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा जलेश्वर नगरपालिका-३का ४३ वर्षीय जितेन्द्र कुमार सिंह,४७ वर्षीय सुशील साह,१९ वर्षीय धीरज मण्डल,३२ वर्षीय जिलानी अन्सारी,३४ वर्षीय अकबर अन्सारी,५६ वर्षीय रामएकवाल मण्डल,जलेश्वर नगरपालिका-२ का २७ वर्षीय आनन्द कुमार,३४ वर्षीय सरोज कुमार साह र ३३ वर्षीय जितेन्द्र कुमार महतो रहेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेहरुको साथबाट स्रोत नखुलेको १५ लाख ३७ हजार ६ सय ४० भारतीय रुपैयाँ र ८२ हजार २ सय ५ नेपाली रुपैयाँ बरामद भएको जनाइएको छ ।

उनीहरुले नेपाली नोटलाई भारतीय नोटसँग सटही गर्ने क्रममा पक्राउ गरिएको जानकारी जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी सन्तोष कुमार पोखरेलले दिएका छन् । पक्राउ परेका हरुलाई जिप्रका महोत्तरीमा राखेर अनुसन्धान भइरहेको जनाइएको छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ अन्तरगत आवश्यक कारबाहीका लागि बरामद गरिएको रकम राजस्व अनुसन्धान कार्यालय पथलैयामा पठाइने जानकारीसमेत दिइएको छ ।

# ‘राष्ट्रपति निर्वाचनपछि राजनीति कोर्ष अगाडि बढ्छ’

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्रीले राष्ट्रपति निर्वाचनपछि राजनीति कोर्ष अगाडि बढ्ने बताएकी छन् ।

सोमबार जनकपुरधाममा सेभेन स्टार होटल एण्ड ब्यान्क्यूटमा आयोजित होली मिलन समारोहमा उक्त कुरा बताएकी छन् ।

उनले स्वर्थकालागि गठबन्धन गर्ने र तोड्ने परम्पराले राजनीति दलका नेताप्रति नकारात्मक सन्देश गएको बताइन् ।

दीपेन्द्र कुमार यादवको अगुवाइमा भएको कार्यक्रममा उनले नयाँ गठबन्धनको प्रदेश सरकार पुनर्गठन गर्न सहज नरहेको उल्लेख गर्दै राष्ट्रपति निर्वाचनपछि अनुमान गरेको भन्दा फरक रुपमा राजनीति कोर्ष अगाडि बढ्न सक्ने बताइन् ।

त्यस्तै,उनले मिथिला माध्यमिकी परिक्रमाका साधुसन्तहरुसंग पनि खुशियाली साटासाट गरेकी थिइन् । जनकपुरधाममा साधुसन्त, विभिन्न राजनीतिक दलका नेता र संघसंस्थाहरुसंग होली खेल्न पाउँदा उनले खुशी व्यक्त गरिन् । मिथिलाको होली विशिष्ट रहेको अनुभव भएको उनले बताइन् । जनकपुरधामको मठमन्दिरका भगवान सहितको डोला १५ दिन सम्म परिक्रमा गर्दै होली मनाउने परम्परा लोभलाग्दो रहेको उनले चर्चा गरिन्।



# गोविन्द सेवा समिति उत्कृष्ट ‘होरैया’

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला नाट्य कला परिषद् (मिनाप)द्वारा आयोजित होरी महोत्सवमा गोविन्द सेवा समिति उत्कृष्ट ‘होरैया’ टिम बनेका छन् । सोमबार जानकी मन्दिरमा भएको होरी महोत्सवमा सो टिम प्रथम भएको छ ।



धनुषा, महोत्तरी र सर्लाहीको आठ टिमबीच प्रतिस्पर्धा भएको निर्णायक मण्डलका सदस्य हिमांशु चौधरीले जानकारी दिए ।

उनका अनुसार धनुषाधाम मंगलपुर टिम दोस्रो र सीताराम संकीर्तन गिद्धा तेस्रो स्थान प्राप्त गरेका थिए। विजेता टिमलाई कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहको हाताबाट कप प्रदान गरिएको थियो ।

मिनापले २०६१ सालदेखि होली पर्वको मौलिकता संरक्षण गर्ने उद्देश्यले होरी महोत्सव र महामुर्ख सम्मेलन गर्दै आएका छन् ।

सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा उल्लेखनीय काम गर्ने व्यक्तिलाई मिनापले महामुर्खको उपाधि दिने गरेका छन् भने होरी गायनलाई प्रोतसाहन गर्ने गायन प्रतियोगिता पनि गर्ने गरेका छन् ।

दुई दिवसीय उत्सवमा मंगलबार (आज) महामुर्ख सम्मेलन गर्ने छन् । पहिलो दिन सहभागी भएका टिमबीच दुई चरणको होरी गायन गराइएको थियो । सो गायनको मौलिकता सुरताल, हाउभाउ र भेषभूषाको आधारमा निर्णाय मण्डलहरुले अंक दिएर गायनको मूल्यांकन गरेका थिए ।

गायनमा सिंहासनी बसहा बाबा टिम, रामनाम संगकीर्तन, बाबा जागेश्वरनाथ मिर्जापुर सर्लाही, हनुमान आराधना मण्डली बिसमरपुर र सरस्वती नव युवा क्लब हरिपुरका होरैया टिमले होलीको मौलिक गीत तथा जोगिरा सुनाएका थिए ।

कार्यक्रमलाई प्रमुख अतिथि तथा अतिथिहरुले डम्फा बजाएर शुभारम्भ गरेका थिए। प्रतिस्पर्धामा उत्रेका टिम र मिनापका कलाकार हरुले पनि गायनसँगै नाच गान प्रस्तुत गरेका थिए ।

# वित्तीय संस्थालाई सुरक्षाको चुनौती



**टुडे समाचारदाता**

राजबिराज।आर्थिकतरलतासँगै लेनदेन, मिटरब्याजसम्बन्धी सप्तरीमा बढ्दो उजुरीले आर्थिक क्षेत्रमा काम गर्ने सङ्घ संस्था तथा कर्मचारीको सुरक्षा चुनौती थपिएको छ ।

आर्थिक लेनदेन तथा मिटरब्याजीसम्बन्धी हालसम्म जिल्लामा दुई सय २४ वटा उजुरी दर्ता भैसकेको छ । जसमध्ये २१ वटा उजुरी कारबाही प्रक्रियामा अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयमा दैनिकजसो आधा दर्जनजति लेनदेनका लिखित उजुरी पर्दैआएको जिल्ला प्रहरी कार्यालयको उजुरी शाखाका कर्मचारी गोविन्द पोखरेलले बताए ।

जिल्ला प्रहरी कार्यालयले यस्ता चुनौतीलाई मध्यनजर गरी जिल्लामा आर्थिक क्षेत्रमा काम गर्दैआएका सहकारी, बैङ्कलगायतका वित्तीय संस्थाहरूको सञ्चालक र कर्मचारीको सुरक्षामा हामी थप निगरानी राख्ने जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख नरेन्द्रकुमार कार्कीले बताएका छन् ।

जिल्लाका करिब तीन दर्जन बढी सहकारी, बैङ्क तथा वित्तीय संस्थाका प्रमुखहरूसँग छलफल गरिरहँदा वित्तीय संस्था तथा सहकारीको सुरक्षाको चुनौती थपिएको उनले जानकारी दिए ।

जिल्ला सहकारी सङ्घका अध्यक्ष रमेशकुमार गुप्ताका अनुसार मिटरब्याज तथा लघुवित्त संस्थाहरूलाई लक्षितगरी नागरि कस्तरबाट जिल्लामा दैनिकजसो सहकारी लघुवितविरुद्धको प्रदर्शन आन्दोलन भइरहेका छन् । खासगरी सहकारी तथा लघुवित्तले लगानी गरेको ऋण चुक्ता ब्याज सङ्कलनका लागि दैनिकजसो गाउँसम्म फिल्ड जानुपर्ने कर्मचारीहरूसँग पटक पटक दुर्व्यवहारका घटनाहरू हुँदैआएको उनको भनाइ छ ।

हामी दिनरात दुःख गेर सहकारी चलाएका छौँ । नागरिकको गर्जो टार्न ऋण लगानी गेका छौं, उनीहरूकै पैसालाई सुरक्षित ढङ्गले बचत गेर राखिदिएका छौं, तर त्यही पैसा फिर्ता माग गाउँजाँदा नागरिकले हामीसँग अपराधीजस्तो व्यवहार देखाउने गरेको जिल्लाको खडक नगरपालिकास्थित मञ्जुश्री सहकारीका सञ्चालक सन्तोष साहले बताए ।

जिल्लामा कुनैपनि क्षेत्रका कर्मचारी वा नागरिकले सुरक्षित ढङ्गले आफ्नो कार्य सम्पादन गर्न पाउनुपर्छ । यसर्थः फिल्डमा खट्ने सहकारीको कर्मचारी माथि कोही कसैबाट हुनसक्ने अवाञ्छित गतिविधिलाई रोक्ने हाम्रो उद्देश्य रहेको प्रहरी प्रमुख कार्कीले बताए ।

वित्तीय संस्थाहरूले गर्दैआएको कामकारबाही नीति नियम सँगतक, कागजात रूसचेकिङमा कर्मचारीलाई थप इमान्दार हुनुपर्ने देखिन्छ । “भौतिक साधन स्रोतमा मजबुती अनिवार्य सिसिटिभी जडान, सुरक्षित गाडी पार्किङलगायतको पक्षमा ध्यान दिई सञ्चालकहरू पनि थप सचेत हुनुपर्ने देखिन्छ” उनले बताए ।

# मुख्यमन्त्री यादवद्वारा होलीको शुभकामना

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले होलीको अवसरमा शुभकामना व्यक्त गरेका छन् । मुख्यमन्त्री यादवले सोमबार विज्ञप्ति जारी गर्दै रंग अबीरको पर्व होलीको सु-अवसरमा सम्पूर्ण नेपाली दाजु भाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरेका छन् ।

बहुजातीय, बहुभाषिय, बहुसांस्कृतिक, बहुधार्मिक विशेषताहरुले भरिएको सुन्दर देश नेपालको मुख्य पहिचान अनेकतामा एकता रहेको उल्लेख गर्दै उनले यहाँका हरेक जातजाति र धर्मावलम्बीहरुमा आ आफ्नै सांकृतिक महत्व र मौलिक परम्परा रहेको बताएका छन् । समुदायबीच सद्भाव र मेलमिलाप बढाउने हामीहरुको हरेक चाडपर्व रहेको बताउँदै मुख्यमन्त्री यादवले यस्ता पर्वहरुले समुदायहरुलाई आ आफ्ना मौलिक परम्परा र संस्कृतिको अनुसन्धान, संरक्षण र सम्वर्द्धन गर्न पनि अभिप्रेरित गर्ने गरेको बताएका छन् ।

असत्यमाथि सत्यको विजयको रुपमा मनाइने होली पर्वले मानव जीवनलाई रंगीन र उल्लासमय बनाउन प्रेरित गर्ने, आपसी मेलमिलाप र सद् भावको यस पर्वले मधेश प्रदेश, देश र देश बाहिर रहेका सम्पूर्ण नेपालीहरुमा नयाँ उत्साह, उमंग र हौसला प्रदान गरोस कामनासमेत मुख्यमन्त्री यादवले गरेका छन् ।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ-‘कुमतिको होलीका दहन होस र यहाँहरुको जीवन रसरंगमय, प्रेममय होस र खुशीयालीका साथै आपसी एकता र सद्भाव कायम रही रहोस भन्ने शुभकामना व्यक्त गर्दछु ।’

# बुबाको हत्या गर्ने छोरा जेल चलान

**टुडे समाचारदात**

राजबिराज । जग्गा अंश विवादमा आफ्नै बुबालाई कुटेर मारेको आरोपमा पक्राउ परेका छोरा सोमबार कारागार चलान भएका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ का ३४ वर्षीय देवकुमार राम सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

प्रहरीका अनुसार २०७६ साल बैशाख १ गते जग्गा अंशको विवादलाई लिएर रामले आफ्नो बुबा ६५ वर्षीय जगदीशको कुटपिट गर्दै हत्या गरेका थिए ।

घटनापछि फरार रहेका उनी गाउँ घरमै लुकिबसेको अवस्थामा सात दिन अघि पक्राउ परेका थिए । डिएसपी नरेश कुमार सिंहले राममाथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाइएको र अदालतमा उपस्थित गराउँदा पुर्पक्षका लागि कारागार पठाउने आदेश भएपछि राजबिराज कारागार चलान गरिएको जानकारी दिए ।

# लागू औषध बरामद

**टुडे समाचारदाता**

राजबिराज । तस्करीका लागि बालुवा मुनि गाडिएर राखिएको लागू औषध गाँजा प्रहरीले बरामद गरेको छ ।



आइतबार राति सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका -१ स्थित कोशी ब्यारेजको दक्षिण सप्तकोशी नदी किनारमा बालुवा मुनि गाडिएर राखिएको अवस्थामा प्रहरीले ६० केजी गाँजा बरामद गरेको हो ।

तस्करीका लागि दुई वटा प्लास्टिकको बोरामा च्याप्दि गरी गाँजा बालुवा मुनि गाडिएर राखिएको सूचनापछि इलाका प्रहरी कार्यालय भारदह र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको संयुक्त टोलीले उक्त परिमाणको गाँजा बरामद गरेको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

रातिको समयमा डुङ्गामा राखेर तस्करले उक्त गाजा भारतीय बजारमा पुऱ्याउने योजना बनाएको अनुमान गरिएको भए पनि तस्करको पहिचान हुन बाँकी रहेको प्रहरीले जनाएको छ ।

भारत भित्र्याउन सप्तकोशी नदी तस्करहरुका लागि उत्तम मानिन्छ । त्यही रुटलाई प्रहरीले विशेष निगरानीमा राखेको प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले बताए ।

गाँजा तस्करी र खेती रोक्न अहिले प्रहरीले अभियान नै चलाएपछि आर्थिक वर्ष २०७९/८० को हालसम्मको अवधिमा १८ हजार ९ सय गाँजाको बोट नष्ट गरिसकेको प्रहरीले जनाएको छ ।

समयमै कर तिरौं ।
- आफुले तिनुपर्ने कर समयमै तिरौं ।
- राज्य सञ्चालनमा सहयोग गरौं ।
- नागरिक कर्तव्य पूरा गरौं ।

जनताबाट उठाइएको कर:
- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- वैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक शुभकामना

देश भरी हर्षोलास पूर्वक मनाइने महान पर्वहरु मध्ये सद्भाव संस्कृति र मेलमिलापको पर्व होलीको सुखद पावन अवसरमा सम्पूर्ण गाउँपालिकावासी तथा प्रदेशवासीहरुमा सुखशान्ति र समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जुल्फकार अली भुटो
अध्यक्ष
एवं
विश्रामपुर गाउँपालिका परिवार, बारा

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११७१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ११/०५७/५८